Jana Aakash National Weekly

जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१५ , अंक- ३९, २०८० साल वैशाख १९ गते मंगलबार (May 2, 2023) www.janaakash.com.np

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्कः ४१६७५७८ (बागबजार)

मोबाइलः ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# यात्री मोटरसाइकल निर्माणमा सबैले साथ दिऔं

मोहन कार्की

काठमाडौ । नेपाल देशमा एउटा सिओ पनि बन्दैन भन्ने उखानलाई परास्त गर्न देशमा थुप्रै वैज्ञानिकहरु उत्पादन भईरहेका छन् । नेपालमा नै आविष्कार केन्द्र खोलेर महावीर पुनले युवा पुस्ताहरुलाई प्रोत्साहन गरिरहेका छन् । उनले कफी प्रशोधन गर्ने मेशिनहरु, मक्कै, गहु भुट्ने मशिनहरु किसानहरुको लागि तयार गरेर सहयोग गरिरहेका छन् । बच्चाहरुको लागि बेबी वाम उत्पादन गरेर हस्पिटलहरुलाई दिईरहेका छन् । ज्ञान सीप भएका ईन्जिनियरहरुलाई प्रोत्साहन र रोजगार पनि दिईरहेका छन् ।

पछिल्लो समय ईलेक्ट्रोनिक बाईक अर्थात यात्री नामको मोटरसाइकल नेपालमा नै उत्पादन गरेर बिक्री गर्ने आविष्कार केन्द्रको तयारीलाई नेपालको ऐन कनुनले रोकेको हुनाले आविष्कार केन्द्रका कार्यकारी निर्देशक महावीर पुन नेपाल सरकारको सम्बन्धित निकायमा धाइरहेको र सरकारले सकरात्मक रुपमा नलिएपछि उनले बृहत जन आन्दोलनको घोषणा गरिरहेका छन् ।

यो साच्चै देशको हितमा छ । अटोमोवाईल एशोसिएसन अफ नेपालको भनाईलाई आधार मान्ने हो भने बार्षिक अटो मोवाईल क्षेत्रवाट नेपालको झण्डै ४ खर्ब धनराशि विदेशमा पैशा गईरहेको छ । यतिधेरै धनराशि विदेश गईरहेको अवस्थामा मोटरसाइकल मात्र झण्डै चार लाख नेपाल भित्रन्छ उक्त चारलाख मोटरसाइकलको मुल्य सरदर २५०००० अक्षरुपी (दईलाख पचास हजार) जोडदा एक खर्ब धनराशि मोटरसाइकल खरिदमा नेपालवाट बाहिरिदो रहेछ । भने त्यस



मोटरसाइकलमा प्रयोग हुने पेट्रोल दैनिक एउटा मोटरसाइकलले अनुमानित २ लिटर प्रयोग गऱ्यो भने पनि १६ करोड दैनिक पेट्रोल खर्च हुदो रहेछ । एक बर्षमा एक अर्ब बयानब्बे करोड धनराशि विदेश जादोरहेछ ।

यतिको रकम सबै नसकेपनि पचास प्रतिशत मात्र घटाउन सकेपनि नेपालको बैदेशिक ब्यापार घाटा कम गर्न सकिदो रहेछ । अर्कोतर्फ नेपालमा नै युवाहरुलाई रोजगार सृर्जना हुनेथियो ।

यस्ता बिषयमा सरकारले कतै चासो नदिने र सम्बन्धित निकायहरु सबै कमिशनको चक्करमा लागेर क्षणिक स्वार्थमा छन् । नेपालको भबिष्य निर्माण गर्न दिर्घकालीन योजनमा कोही नलाग्नुले युवा वैज्ञानिकहरु दिनानु दिन विदेश पलायन भईरहेकाछन् । यो देशको लागि निक्कै दुखः लाग्दो बिषय हो ।

त्यसकारण आविष्कार केन्दमा नेपालका युवा वैज्ञानिकहरुले निर्माण गरेको यात्री मोटरसाइकल बजारको अनुमतिको लागि जन दवाव सृर्जना गरौ । जन दवाववाट सम्बन्धित निकायले सुनुवाई गर्दैन भने महावीर पुनले आवहन गरेको बृहत जन आन्दोलनको लागि सवै एक ढिक्का भएर आन्दोलनको आदीभेरी सृर्जना गरौं । केवल यो आन्दोलन देशको हितमा छ । नेपालका उद्योग कलकारखाना परिवर्तनका नाममा सरकारले सबै सिद्धयायो र सरकार आफैले केहि गर्न नसक्ने भयो नै तर नीजि क्षेत्रवाट नेपालमा उद्योग कलकारखाना खोलेर नेपालको ज्ञान, सीपलाई प्रयोग गर्छु भन्दा दिदैन भने नेपाली जनताको भविष्यको लागि आविष्कार केन्द्रले बृहत जन आन्दोलन गरेर भएपनि उक्त काम गर्न आट गरेको छ ।

उक्त आन्दोलनलाई नेपाल देशको हित चाहने सवै देशभक्त नेपालीहरुले साथ दिनुपर्छ र नेपालमा पनि वैज्ञानिक छन् । नेपालका वैज्ञानिकले पनि आविष्कार गर्न सक्नछन् भन्ने सन्देश विश्वमा पुऱ्याउन सक्नुपर्छ । त्यसको अलवा यस्ता मानवीय हितमा प्रयोग हुने सवारी साधन अन्य साधनहरु निर्माण गरेर मेडि इन नेपालको उत्पादन विश्व बजारमा समेत बिक्री गरेर नेपालको प्रतिष्ठा बढाउनुको साथै देशको अर्थतन्त्रमा समेत बृहत प्रगति गरेर समृद्ध नेपाल बनाउन सक्छौ ।

समृद्धि हाम्रै पालामा सम्भव छ भन्ने मुल नारालाई सार्थक बनाउन सक्छौ । यसरी देशलाई समृद्ध बनाउन देशका सवै क्षेत्र चलायनमान हुनुपर्छ । खानीहरु खोतलीनुपर्छ । औजारहरु निर्माण देशभित्रै हुनुपर्छ । कृषिको आधुनीकिकरण गर्न सक्नुपर्छ । यो काम देशका इमानदार जनताले गर्छन । मात्र सरकारले वातावरण बनाईदिनुपर्छ । ऐन कानुनमा अवरोध गरेका छन् भने त्यस्ता ऐन कानुन परिमार्जन गरेर देशको हितमा हुने ऐन कानुन बनाउनु पर्छ । तव मात्र स्वर्गीय गेहेन्द्र शम्शेर, तुलसीमेयरहरुको सपना साकार हुन्छ । नेपालका नेपालीहरुको भविष्य पनि यसैमा हुन्छ ।

# मानसिक स्वास्थ्यलाई हेयको दृष्टिले हेर्दा संवेदनशील बन्दै : उपराष्ट्रपति

काठमाडौं । उपराष्ट्रपति रामसहायप्रसाद यादवले मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिलाई हेयको दृष्टिले हेर्दा समस्या आएको बताउनुभएको छ ।



मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र नेपालको २०औं वार्षिकोत्सवको कार्यक्रममा उहाँले मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिलाई हेयको दृष्टिले हेर्ने पुरातन दृष्टिकोणको कारण समस्या अझ बढी संवेदनशील बन्दै गएको बताउनुभयो । उहाँले नेपालको संविधानले नै आधारभूत स्वास्थ्यलाई मौलिक हकका रूपमा स्थापित गरेकाले सो पूरा गर्नका लागि सरकारको योजनामा गैरसरकारी क्षेत्रको हातेमालो आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा उपसभामुख इन्दिरा रानाले मानसिक स्वास्थ्य अझ महत्वपूर्ण रहेकाले नेपाल सरकार, विकास साझेदार सबै मिलेर काम गर्नुपर्ने आवश्यक रहेको बताउनुभयो । “मानसिक स्वास्थ्यको क्षेत्रमा सरकार र गैरसरकारी क्षेत्र मिलेर काम गर्नुपर्दछ । अझ जेल जीवन बिताइरहेका व्यक्तिको मानसिक स्वास्थ्यमा समेत सरकारले ध्यान दिन जरुरी छ,” उहाँले भन्नुभयो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका स्वास्थ्य सचिव डा रोशन पोखरेलले आत्महत्या रोकथाम र सहरी विकासअन्तर्गत मानसिक स्वास्थ्यको विषयमा काम गरिनुपर्ने अवस्था आएको बताउनुभयो । उहाँले मानसिक स्वास्थ्य रणनीति कार्यान्वयन गर्न सबैभन्दा महत्वपूर्ण रहेको भन्दै त्यसलाई सचेतना फैलाउनु र भ्रम निवारण गर्न आवश्यक रहेको बताउनुभयो । उहाँले मानसिक स्वास्थ्यलाई सरकारले अझै प्राथमिकतामा राखी काम गर्ने बताउनुभयो ।

केन्द्रका प्राविधिक निर्देशक डा पशुपति महतले आफूले सरकारसँग मानसिक स्वास्थ्य सेवामा हातेमालो भएर काम गरिरहेको बाँकी ६ पृष्ठमा


# कोशी प्रदेशको पुनः नामाकरण सम्भव छैन : मुख्यमन्त्री कार्की



उर्लाबारी । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेशको पुनःनामाकरण असम्भव रहेको बताउनुभएको छ । मोरङको उर्लाबारी( ३ मङ्गलबारेस्थित मदन भण्डारी स्मृति प्रतिष्ठानको २१औं साधारणसभामा उहाँले भन्नुभयो, “नेपाल बहुजातिय, बहुभाषियक, बहुसम्रदायिक, बहुविविधता र प्राकृतिक विविधतालाई मान्ने मुलुक भएका कारण फागुन १७ गतेको प्रदेशसभामा उपस्थित ९१ प्रतिशत सभासदले प्राकृतिक विविधतालाई आधार मानेर कोशी प्रदेश नामाकरण गरिएको हो । अब पुनः प्रदेशको नामाकरण सम्भव छैन ।” विगतको पाँच वर्ष प्रदेशको नामाकरण हुन नसक्दा जनस्तरबाटै प्रदेश सरकार आलोचित भएको स्मरण गर्दै कार्कीले थप भन्नुभयो, “प्रदेश सरकार निर्माण गर्न समर्थन गरेका सबै राजनैतिक दलको समर्थनमा नामाकरण टुङ्गोमा पुऱ्याइएको हो । पछिल्लो समय केही व्यक्ति र केही संस्थाले एमालेलाई लक्षित गरी आक्रमण गर्ने प्रवृति बढ्दै गएको छ । हिंसात्मक आन्दोलन गर्ने कसैलाई छुट छैन यसप्रति कोशी प्रदेश सरकार सचेत छ ।” मन्त्री कार्कीले ‘कोशी प्रदेश’ निश्चित सम्प्रदाय, धर्म, पहिचान र जातिभाषाको रूपमा नभएर नेपालकै सबैभन्दा ठूलो प्राकृतिक सम्पदा कोशी नदीको नाम भएको स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, “यो प्रदेशको नाम सम्पदाका आधारमा राखिएको हो, अन्य ठाउँमा प्राकृतिक बाँकी ६ पृष्ठमा

# सीमा क्षेत्रमा सशस्त्रको २१ बिओपी थप

काठमाडौं । सीमा सुरक्षाको जिम्मा पाएको सशस्त्र प्रहरी बल नेपालले सीमा क्षेत्रको निगरानीलाई थप मजबुद बनाउँदै लगेको छ । पछिल्लो समयमा झापा, बारा, दाङ, बर्दिया, दार्चुलालगायतका जिल्लामा २१ वटा बिओपी (बोर्डर आउट पोष्ट) स्थापना गरिएको सशस्त्र प्रहरी बल नेपालले जानकारी गराएको छ । आजसम्ममा ती पोष्ट स्थापना गरी सशस्त्र प्रहरी कर्मचारी परिचालन गरिसकिएको सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले जानकारी दिनुभयो । यसरी थपिएको सीमा सुरक्षा चौकीमा हाल भएकै सशस्त्र प्रहरी कर्मचारीलाई परिचालन गरिएको पनि उहाँले बताउनुभयो । योसँगै अब सीमा क्षेत्रमा सशस्त्र प्रहरीको दुई सय ४९ वटा बिओपी पुगेको छ । यसअघि दुई सय २८ वटा बिओपी स्थापना भएको थियो । सरकारले पाँच सयवटा बिओपी पुऱ्याउने लक्ष्य राखेको छ । क्रमशः अन्य जिल्लामा पनि थप गर्दै जाने योजना रहेको जनाइएको छ । सशस्त्र प्रहरीले सीमा सुरक्षा विभागसमेत स्थापना गरी व्यवस्थित कार्य आरम्भ गरिएको सशस्त्र प्रहरीले काठमाडौंमा पत्रकार सम्मेलन गरी बाँकी ६ पृष्ठमा



‘मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।’– *मोहन कार्की*

## सम्पादकीय

# खाली बनेका गाउँहरुमा मानिसलाई फर्काउन सक्नुपर्छ

मानिसहरु शहर, विदेश, अन्य सुविधायुक्त क्षेत्रमा बसाई सराई गरेर गएका छन् । विशेष गरेर पाहाडी र हिमाली क्षेत्रका मानिसहरु अन्यत्र जाने क्रम रोकिएको छैन । यसले गाउँहरु रित्ता बन्दै गईहरेका छन् । बाकी रहेका बृद्धाबृद्धाहरु मात्र गाउमा भेटिने गरेका छन् । यतिवेला ति बृद्धाबृद्धाहरुले विरामी पर्दा, गाउमा कुनै काज भोज हुदा समेत सक्रीय जनशक्तिको अभावमा मानवीय साहायत पाउनवाट बञ्चि भईरहेका छन् ।

यसरी गाउँ रित्तिदै जानु एकातिर अर्कोतर्फ ति गाउँमा बसोबास गरिरहेका बृद्धाबृद्धाहरुको छोराछोरीले सम्पति कमाएर सुविधा सम्पन्न देशमा वा शहरमा लान खोज्दा पनि कुनैवेला दुखः गरेर कमाई गरिरहेका वारी दुखः गरेर आफैले बनाएको घर, असल छिमेकी छोडेर जान नमान्ने जस्ता कारणहरु हुदा ति बृद्धाबृद्धाको मानवीयतामा समस्या आउन थालेको छ ।

त्यसकारण रित्ता बन्दै गएका गाउँहरुलाई कसरी ब्यवस्थापन गर्न सकिन्छ । अध्ययन गरेर नीति तर्जुमा गरी तत्काल काम थाल्नुपर्ने देखिन्छ । यदि त्यसो गर्न सकिएन भने आउदा दिनमा त्यस हिमाली र पाहाडी क्षेत्रमा बसोबास गर्दै आएका बृद्धाबृद्धाहरुको अवस्था निक्कै नाजुक हुने देखिन्छ ।

त्यसैले सम्बन्धित निकायले मानव बस्न योग्य क्षेत्रहरुमा युवापुस्ताहरुको लागि आम्दानीको स्रोत त्यहाको विकासका योजनाहरु अगाडी बढाएर हुन्छ । वा सेवा सुविधा थपेर हुन्छ आकार्षणयुक्त कार्यक्रम नै अगाडी बढाएर काम थालिहाल्नु पर्ने देखिन्छ । त्यसो गर्दा प्रत्यक्ष त्याहाका युवाहरु त्यही नै ब्यस्त हुने आम्दानी हुने र आफ्ना बुबा, आमा, दाजुभाई छरछिमेकमा बस्न सकुन ।

यस्ता योजनाहरु राम्रोसँग अध्ययन गरी काम गरेर पलायन भएका युवा पुस्तालाई गाउ घरमा बसेर मनग्य आम्दानी गर्न सकिने वातावरण सम्बन्धित निकायले बनाउन सकेको खण्डमा गाउ फर्क अभियानले सफलता पाउन सक्छ । त्यस्तो आधार अहिलेसम्मका कुनैपनि सरकारहरुले गर्न सकेका छैनन् ।

वर्तमान सरकारले स्थानीयस्तरमा उद्योग कलकारखाना, खानी उत्खनन्, ब्यवस्थित बस्तीको अवधारणा, बृहत कृषिको योजना, अधिक विद्युतको उत्पादन, सस्तो विधुत वितरण, पर्यटनको लागि भौतिक पुर्वाधारको विकास जस्ता कार्यक्रम तत्काल अघि सारेर काम गर्ने र त्यसै ठाउका स्थानीयलाई पहिलो प्रथामिकतामा राखी काम गर्ने वातावरण बनाउनु पर्छ । यस्तो काम स्थानीय निकाय, प्रदेश र संघले एक अर्कामा समन्वय गरी गर्न सक्छन् ।

यस्ता सामान्य भन्दा सामान्य काम गर्ने वातावरण बनाई स्थानीय तहका भौगोलिक बिकटता भएका क्षेत्रहरुमा विशेष योजना बनाई काम गरेर नेपालका रित्ता बन्दै गएका गाउँ र त्यस गाउँमा बसोबास गर्ने बृद्धाबृद्धाहरु जोखिममा पर्दै गएको अवस्थालाई न्युनिकरण गर्न तत्काल योजना बनाई गाउँमा युवालाई फर्काउने वातावरण बनाउन सक्नुपर्छ । यो काम सकारकारले तत्कालै थाल्न सक्नुपर्छ ।

# नेपाली संस्कृति केही सन्दर्भ

हरि श्रेष्ठ

संस्कृति कुनै पनि मुलुक र समाजको धड्कन हो । भनिन्छ, समग्र पर्यावरणमा मानव जातिले सृजना गरेका सबै कुरा संस्कृति हुन् । मानिसको समग्र जीवन शैली, चिन्तनप्रणाली, मनोवेग, संवेग आदि सबै संस्कृतिबाटै अभिप्रेरित हुन्छन् । जीवन र जगतलाई हेर्ने दृष्टिकोण, परिवर्तनप्रतिको रूचि, अरूचि तथा श्रमप्रति सम्मान वा उपेक्षाजस्ता महत्त्वपूर्ण विचार र व्यवहार पनि संस्कृतिले नै निरूपण गर्दछ ।

लोकजीवनका आस्था, विश्वास, परम्परा र रीतिरिवाज संस्कृतिमै अन्तर्ध्वनित भइरहेका हुन्छन् । संस्कृतिकै प्रभावले मानिस मानिसबीचमा भिन्नता देखिएको हो । वास्तवमा मानिसको मूल प्रवृत्ति र व्यक्तित्व निर्माणमा संस्कृतिले ठूलो भूमिका खेलेको हुन्छ । संस्कृतिले नै मानिसलाई जैविक प्राणीबाट सांस्कृतिक प्राणीमा रूपान्तरण गरेको हो । मानिसलाई पशुजगतबाट अलग्याएर विवेकशील धरातलमा उभ्याउने महत्त्वपूर्ण पक्ष संस्कृति नै हो ।

विविधतायुक्त हाम्रो समाजमा सबै जातिजातिले हुर्काएको आस्था र विश्वासहरूको सङ्गालो हो ( नेपाली संस्कृति ।

त्यसैले सांस्कृतिक विविधताका दृष्टिले नेपाल सम्पन्न र समृद्ध मानिन्छ । संस्कृतिको अध्ययन र अन्वेषणका लागि आश्चर्यलाग्दा विषयवस्तुको अपार भण्डार छ नेपालमा । मनमोहक प्रकृतिले मात्र हैन विविधतायुक्त संस्कृतिले पनि सुशोभित तुल्याएको छ नेपाललाई । तर, नेपाली संस्कृतिका आधारभूत पक्षमा वैज्ञानिक तथा वस्तुवादी दृष्टिकोण र विश्लेषणको अभाव अझै खट्किन्छ ।

संस्कृतिको सही पहिचान वर्तमान परिदृश्यलाई मात्र हेरेर संभव हुँदैन । ऐतिहासिक परिप्रेक्ष्य र आर्थिक जीवन प्रणालीको विशिष्ट सन्दर्भहरूबाट अलग्याएर संस्कृतिको यथार्थ मूल्यांकन हुन सक्दैन । इतिहासको कसीमा जा“च्दामात्रै नेपाली संस्कृति के कसरी परिवर्तन र रूपान्तरण हुँदै वर्तमान स्वरूपमा आइपुगेको हो भन्ने निर्क्योल गर्न संभव हुन्छ । विविध कालखण्डमा नेपालमा देखापरेका संस्कृतिका विविध भावधाराको आकलन गर्न ऐतिहासिक सन्दर्भहरू केलाउनु आवश्यक हुन्छ । नेपाली संस्कृतिले समग्र समाजलाई कतातिर डोऱ्याउँदै लगिरहेछ भन्ने बुझ्न पनि वस्तुवादी विश्लेषणको खाँचो पर्छ ।

संस्कृतिको चरित्र निरूपण गर्ने गम्भीर सबालमा हामीकहाँ केही अन्योलपूर्ण चिन्तन पाइन्छन् । इतिहास र संस्कृतिका निर्माता एकाध राजा वा महाराजालाई मानेर त्यसैको सेरोफेरोमा टाक्सिरहने यो चिन्तनको धरातल ढुलमुले आदर्शवाद हो । यस्तो प्रवृत्ति कुनै राजा वा शासक खलकको स्तुति र वीरगाथामै रमाउन मन पराउ“छ । यसले विजेता वा शासक खलकले अपनाएका परम्परा र जीवनशैलीलाई नेपाली संस्कृतिको मेरुदण्ड मानेर त्यसको अतिशयोक्तिपूर्ण विश्लेषण गर्छ । यो प्रवृत्ति कुनै राजखलकको वंश परिवर्तनलाई नै इतिहासको युगान्तकारी घट्ना मान्छ अनि त्यसैलाई आधार बनाएर इतिहास र संस्कृतिको विकास तथा परिवर्तनको विवेचना गर्न रूचाउँछ ।

यस प्रकारको चिन्तनले अमुक राजाका पालामा नेपाली समाज र संस्कृतिको आधारभूत चरित्र नै फेरिएको अलौकिक एवं हास्यास्पद विश्लेषण गर्छ । यसले नेपालको सांस्कृतिक विविधताको संवेदनशीलतालाई बेवास्ता गर्दै विजेता शासक वर्गले अपनाएको संस्कृति नै नेपाली संस्कृति हो भन्ने एकाङ्गी तर्क अघि सार्छ । एकताको नाममा विविधता मेटाउन खोज्ने यस्तो चिन्तनबाट नेपाली संस्कृतिको सही पहिचान र प्रस्तुतिमा बाधा पुगिरहेको छ । बृहत्तर नेपालको उदय पश्चात् विजेताको उन्मादमा हुर्किएका यस्ता चिन्तन र प्रवृत्तिहरूले नेपालका विविध जातिजनजातिबीच सांस्कृतिक सद्भाव बढाउने भन्दा बिथोल्ने काम नै बढी गरेकाले यस्तो चिन्तनको निरर्थकता स्वत: पुष्टि भएको छ ।

वास्तवमा सबै कुराको निर्माता र निर्णायक शक्ति भनेका जनता नै हुन् । जनताको सामर्थ्य, शक्ति र क्रियाशीलता नै इतिहास र संस्कृतिका अपूर्व ऊर्जा हुन् । संस्कृतिको संरचना निर्माणमा जनसाधारणको भूमिका महत्त्वपूर्ण हुन्छ ।

आफू बाँचेको भौतिक र सामाजिक परिवेश, तिनीहरूसँगको अन्तरक्रिया र जीवन निर्वाहका क्रियाकलापमा विकसित हुँदै जाने विशेष प्रणालीले संस्कृतिको स्वरूप निरूपण हुँदै जान्छ । यसरी जनसमुदायको जीवनक्रिया नै संस्कृतिको सृजना स्रोत र भावधरातल हो ।

जनतालाई केन्द्रमा राखेर इतिहास र संस्कृतिको विश्लेषण गर्ने प्रवृत्ति वस्तुवादी चिन्तन प्रणाली हो । बहुलवादी नेपाली समाजले हुर्काएको विविधतायुक्त संस्कृति नै नेपालको विशिष्ट यथार्थ हो भन्ने आत्मसात् गर्नु पनि वस्तुवादी चिन्तन हो । यसरी विश्लेषण गर्दामात्र नेपाली संस्कृतिको यथार्थ तस्बीर हाम्रो सामुन्ने उभिन सक्छ ।

समाजमा विद्यमान आर्थिक जीवन प्रणालीबाट अलग्याएर संस्कृतिको प्रवृत्ति केलाउन सकिँदैन । राजनीति, संस्कृति आदि सबैको मूल आधार भनेकै आर्थिक जीवन प्रणाली हो । सामाजिक सम्बन्ध, रीतिथिति, जीवनशैली र आपसी व्यवहारलाई त्यस समयको आर्थिक प्रणालीले नै दिशा र आकार दिन्छ । आर्थिक जीवन प्रणालीमा आएको परिवर्तनसँगै संस्कृतिमा पनि क्रमश: परिवर्तन र रूपान्तरण हुँदै जान्छ । संस्कृति कोठाको भित्तामा झुन्डिएको तस्बिरजस्तो सँधै स्थिर रहने वस्तु हैन । विकासक्रमको इतिहासले भन्छ( मानव जातिको आरंभिक लामो जीवन जंगल, गुफा तथा ओढारमा बितेको थियो । त्यस परिवेशमा स्वभावत: सबैले मिलेर काम गर्ने र बरावरी बाँडेर खाने सामाजिक क्रियाको विकास भयो ।

आर्थिक प्रणालीको यस परिवेशले तत्कालीन मानव समाजमा सामुदायिक चेत र जिम्मेवारीको सूत्रपात गरायो । यही चलन आरंभिक संस्कृतिको पहिलो मानवीय चेतना थियो । समयक्रममा घुमन्ते जीवनलाई परित्याग गरेर मानिसले कृषिजन्य आर्थिक प्रणालीमा हाम्फाल्यो र निजी संपत्तिको प्रादूर्भाव भयो । कृषिजन्य आर्थिक प्रणालीकै जटिल संरचनामा सामन्तवादको उदय भयो । सामन्तवादी आर्थिक प्रणालीले दास प्रथा जन्म दियो जो नेपालमा कानुनत: हटे पनि अर्कै स्वरूपमा आजसम्म विद्यमान छ । सामन्तवादकै सेरोफेरोमा वर्गभेद, जातिभेद, छुवाछुत र सतीप्रथा जस्ता सामाजिक विकृतिहरू पनि नेपाली समाज र संस्कृतिमा भित्रियो । समाजको आर्थिक जीवन प्रणालीसँग गाँसेर इतिहास( संस्कृतिको अवलोकन गरियो भनेमात्र यसका उतारचढावका महत्त्वपूर्ण सूत्र फेला पर्छन् । नेपाली संस्कृतिभित्रका बलिया र दुर्बल पक्षलाई वस्तुवादी ढङ्गले केलाउन खोज्दा यसतर्फ पनि ध्यान पुऱ्याउनु आवश्यक हुन्छ । समयका विविध कालखण्ड काटेर नेपाली संस्कृति आजको अवस्थामा आइपुगेको छ । नेपाली इतिहासको एउटा लामो कालखण्ड सामन्तवादको प्रभाव र प्रभुत्वमा रहयो । नेपाली समाजमा व्याप्त भाग्यवादी संस्कृति त्यसैको प्रतिफल हो ।

> जनतालाई केन्द्रमा राखेर इतिहास र संस्कृतिको विश्लेषण गर्ने प्रवृत्ति वस्तुवादी चिन्तन प्रणाली हो । बहुलवादी नेपाली समाजले हुर्काएको विविधतायुक्त संस्कृति नै नेपालको विशिष्ट यथार्थ हो भन्ने आत्मसात् गर्नु पनि वस्तुवादी चिन्तन हो । यसरी विश्लेषण गर्दामात्र नेपाली संस्कृतिको यथार्थ तस्बीर हाम्रो सामुन्ने उभिन सक्छ ।
>
> समाजमा विद्यमान आर्थिक जीवन प्रणालीबाट अलग्याएर संस्कृतिको प्रवृत्ति केलाउन सकिँदैन । राजनीति, संस्कृति आदि सबैको मूल आधार भनेकै आर्थिक जीवन प्रणाली हो । सामाजिक सम्बन्ध, रीतिथिति, जीवनशैली र आपसी व्यवहारलाई त्यस समयको आर्थिक प्रणालीले नै दिशा र आकार दिन्छ । आर्थिक जीवन प्रणालीमा आएको परिवर्तनसँगै संस्कृतिमा पनि क्रमश: परिवर्तन र रूपान्तरण हुँदै जान्छ । संस्कृति कोठाको भित्तामा झुन्डिएको तस्बिरजस्तो सँधै स्थिर रहने वस्तु हैन । विकासक्रमको इतिहासले भन्छ( मानव जातिको आरंभिक लामो जीवन जंगल, गुफा तथा ओढारमा बितेको थियो । त्यस परिवेशमा स्वभावत: सबैले मिलेर काम गर्ने र बरावरी बाँडेर खाने सामाजिक क्रियाको विकास भयो ।
>
> आर्थिक प्रणालीको यस परिवेशले तत्कालीन मानव समाजमा सामुदायिक चेत र जिम्मेवारीको सूत्रपात गरायो । यही चलन आरंभिक संस्कृतिको पहिलो मानवीय चेतना थियो । समयक्रममा घुमन्ते जीवनलाई परित्याग गरेर मानिसले कृषिजन्य आर्थिक प्रणालीमा हाम्फाल्यो र निजी संपत्तिको प्रादूर्भाव भयो । कृषिजन्य आर्थिक प्रणालीकै जटिल संरचनामा सामन्तवादको उदय भयो । सामन्तवादी आर्थिक प्रणालीले दास प्रथा जन्म दियो जो नेपालमा कानुनत: हटे पनि अर्कै स्वरूपमा आजसम्म विद्यमान छ । सामन्तवादकै सेरोफेरोमा वर्गभेद, जातिभेद, छुवाछुत र सतीप्रथा जस्ता सामाजिक विकृतिहरू पनि नेपाली समाज र संस्कृतिमा भित्रियो ।

भूत, प्रेत, ख्याक, पिशाचको मनोवैज्ञानिक दबाबले लामो समयसम्म नेपाली समाज आक्रान्त भयो । शासक खलकको गुणगानमा चाकडीको संस्कृति हलक्क मौलायो । स्वर्ग र नरक अनि पूर्वजन्म र भाग्यको कथामा जनसमुदाय लाई अलमल्याउने संस्कृतिको सञ्जाल त्यसैबेला व्याप्त भयो ।

पौरख र परिश्रमबाट टाढिदै गएका सामन्त शासकहरू र तिनका चाटुकारहरूले यसमा मलजल हाल्दै गए । परिणामत: ऐजेरुझैँ पलाउँदै गएको यो प्रवृत्ति अझै पनि हाम्रो समाजको तीव्र रूपान्तरणमा वाधक बनिरहेकै छ । सामन्तवादले तेर्स्याइदिएको भाग्यवादी संस्कृतिको प्रभावका कारण आफ्नै बुद्धि र मेहनतभन्दा कुनै चमत्कारको बलमा केही पाउने आशा गर्ने प्रवृत्ति पनि व्याप्त छ हाम्रो समाजमा ।

नेपाली संस्कृतिभित्र दुर्बल पक्षहरूमात्र हैन सबल पक्ष पनि छन् । नेपाली संस्कृतिको अर्को महत्त्वपूर्ण पाटो यसमा अन्तर्निहित पौरख र परिश्रमको चेत हो ।

तर त्यसखाले प्रवृत्ति र चेतनाको विस्तृत खोजी, पहिचान र संरक्षण हुन सकिरहेको छैन । नेपाली समाजमा कतिपय यस्ता वर्ग र समुदाय छन् जो निरन्तर आफ्नै पौरख र परिश्रममा बाँचिरहेकाछन् र अझै बाँच्न चाहन्छन् । ढाँट र छलकपटको खेती गर्न उनीहरू जान्दैनन् । सरलता, निष्कपटता र उदारता उनीहरूको सांस्कृतिक जीवनका बलिया पक्ष हुन् । आफ्नै परिश्रम र पसिनाबाट आर्जित वस्तुमा गर्व गर्नु तिनको पौरखवादी संस्कृतिले सिकाएको उत्कृष्ट चेतना हो ।

खोजी गर्ने हो भने पौरख, परिश्रम र उत्पादनमुखी मूल्यमान्यतामा आधारित रीतिस्थिति हाम्रो समाजमा धेरै पाइन्छन् ।

प्राक्संस्कृतिको अवशेषका रूपमा अझसम्म पनि नेपाली संस्कृतिमा साझा चौतारी, साझा गौचरन, बनजंगल, धारा, कुवा, पोखरी आदिको संरक्षण गर्ने सांस्कृतिक चेत बाँकी नै छ । व्यक्तिले सबैका लागि र सबैले व्यक्तिका लागि काम गरिदिने हुरी, पर्मजस्ता अनेकौ उन्नत संस्कृति पनि हाम्रा गाउँघर र पहाडहरूमा जीवितै छन् ।

जातिभेदको विस्मयकारी परम्पराभन्दा फरक अपेक्षाकृत समतामूलक समाज र संस्कृति पनि हाम्रा कतिपय जनजातीय समुदायहरूले जोगाइराखेका छन् ।

महिलालाई संकुचनको घेराभित्र नराखेर सम्मानजनक व्यवहार गर्ने सांस्कृतिक समुदायहरू पनि हामीसँगै छन् । आफ्नो अपूर्व सीप र सृजनाले मुलुक, समाज र संस्कृतिलाई सुन्दर र समृद्ध बनाइराख्ने शिल्प सौन्दर्यका धनी शिल्पकार र कालिगढ परम्परा पनि नेपालमा जीवितै छन् ।

नेपाली संस्कृतिको कुरा गर्दा यसमा अन्तर्निहित गतिमयता र लचकताको चर्चा गर्नु पनि उत्तिकै आवश्यक हुन्छ ।

आजभोलि सांस्कृतिक गतिशीलता र परिवर्तनको केन्द्रस्थल नेपालका सहर बजारहरू भएका छन् । सहर बजारको आर्थिक जीवन प्रणालीमा देखापरेको व्यापक विस्तार र परिवर्तनले सहरी संस्कृतिमात्र हैन ग्रामीण समाज र संस्कृतिसमेत प्रभावित हुनथाल्नु यसैको एक उदाहरण हो ।

सहर बजारको परिवर्तनबाट ग्रामीण समाजमा विद्यमान पुरातनवादी सोच र संस्कृतिको जग पनि क्रमश: हल्लिन थालेको देखिँदैछ । सहर बजारस“ग निरन्तर सम्पर्कमा रहनुपर्ने कारणले यहाँको नवीन सोच र संस्कृतिको गुञ्जन चारैतिर फैलिँदैछ ।

आर्थिक जीवनलाई क्रियाशील बनाउने क्रममा मानिसहरू परम्परागत सांस्कृतिक बन्धनलाई झत्काउँदै नयाँ परिवेश अनुकूल आफ्नो तीव्र रूपान्तरणतर्फ अग्रसर हुँदैछन् । सहर बजारको आर्थिक जीवनमा समाहित हुँदैगएको नयाँ पिढीमा जातपात, धर्म, वंश परम्पराका सांस्कृतिक संकुचनहरू बिस्तारै मेटिँदै गएका संकेतहरू देखिँदैछन् । नेपाली संस्कृतिभित्रको यो गतिशीलताले एउटा नौलो र फराकिलो धरातल सृजना गर्दै जाने राम्रो लक्षण पनि देखाएको छ ।

नेपाली संस्कृतिका यस्ता अनेकन् संवेदनशील आयामहरूको गम्भीर विवेचना हुन बाँकी नै छ । संस्कृति संरक्षण र संवर्धनकै प्रश्नमा पनि सामाजिक जीवनलाई निरन्तर ऊर्जा दिइरहने गतिशील र पौरखवादी संस्कृतिको पक्षपोषण गर्नु युक्तिसंगत ठहरिन्छ । समाजलाई अग्रगामी दिशातिर उन्मुख हुन नदिने परम्परा र रीतिरिवाजलाई संस्कृतिको नाममा जोगाईराख्दा समाज र संस्कृति दुवै टाक्सिन्छ, फड्को मार्न सक्दैन । यी सबै पक्षको खोजीनीति र विवेचना गरी नेपाली संस्कृतिलाई गतिमय बनाउन अत्यन्तै आवश्यक छ । आखिर हामीले गर्व र गौरव गर्ने त हाम्रो पौरखी संस्कृतिको नै हो । रुढीग्रस्त संस्कृतिको हैन ।

# अर्थतन्त्रको निराशाजनक वर्ष

**नन्दलाल खरेल**

विक्रम संवत् २०७९ लाई फर्केर हेर्दा मुलुकको अर्थतन्त्रका लागि अत्यन्तै निराशाजनक, संकटपूर्ण देखियो छ । २०७९ ले तीन/तीनवटा अर्थमन्त्री पाए पनि अर्थतन्त्र संकटपूर्ण अवस्थामै बित्यो । उच्च मुद्रास्फीति, विदेशी सञ्चितिमा आएको गिरावट, तरलता अभाव, कर्जाको उच्च ब्याजदर, कमजोर पुँजीगत खर्च, बढ्दो बेरोजगारी, बढ्दो सार्वजनिक ऋृण, घट्दो पुँजी बजारले गर्दा अर्थतन्त्रमा बहुआयमिक समस्या देखिए । कोभिड(१९ ले ल्याएको समस्यासँगसँगै रसिया युक्रेन युद्धबाट सिर्जित विश्वव्यापी आर्थिकमन्दीबाट हाम्रो अर्थतन्त्र पूरै प्रभावित बन्यो । यद्यपि, २०८० सालसम्म आइपुग्दा पनि उल्लेखित समस्या केही एकाधबाहेक कम हुने देखिएको छैन । बरु उल्टै अझ बढेर जाने सम्भावना देखिएको छ ।

वर्ष २०७९ मा तीन(तीनवटा तहको निर्वाचन सम्पन्न भयो । सबै तहमा नयाँ जनप्रतिनिधि आए । सबै तहका जनप्रतिनिधिले आर्थिक समृद्धि, विकास तथा सुशासनको कुरा गरे पनि परिणाम ठीक विपरीत हुन पुग्यो । वर्ष २०७९ मा तीनै तहका सरकारले बजेट कार्यान्वयन गर्न सकेनन् । बरु उल्टो बजेट समीक्षामार्फत बजेटको आकार घटाए । नयाँ बजेट घोषणा गर्ने समय नजिक आइसक्दा पनि एक चौथाइ पनि पुँजीगत खर्च गर्न सकेनन् । राजस्व संकलनमा समेत सरकार कमजोर देखियो । जसको कारण राजस्वले चालू खर्चसमेत धान्न सकेन । कमजोर पुँजीगत खर्चले विकास निर्माणका काम अवरुद्ध भए । अर्थतन्त्र चलायमान हुन सकेनछ । अर्थतन्त्र चलायमान नहुँदा मन्दीको अवस्था सिर्जना भयो ।

वितेका वर्षको सुरुसँगै तरलता अभावको कारण कर्जाको ब्याजदर उच्च अंकले बढ्यो । उच्च ब्याजदरको असर निजी क्षेत्रमा पऱ्यो । जसको कारण उत्पादनदेखि उपभोगसम्म नराम्ररी प्रभावित भयो । आमसर्वसधारणदेखि उद्योगी, व्यवसायी, सरकार सबैलाई गम्भीर असर पऱ्यो । दलाल, माफिया, कालोबजारी, तस्कर, बिचौलिया मात्र मालामाल बने । ब्याजदर घटाउने दबाब दिन उद्योगी व्यवसायी पटकपटक सडकमा ओर्लनुपर्ने अवस्था सिर्जना भयो । यो वर्ष (२०७९)मा दैनिक उपभोग्य खाद्यान्नलगायतका वस्तुको चर्को मूल्यवृद्धि हुँदा आमउपभोक्ताले महँगीको मार खेप्नुपऱ्यो । एक वर्षमा सबैभन्दा बढी धेरै घिउतेलको मूल्य बढ्यो ।

अघिल्लो वर्ष ९ सय रुपैयाँ प्रतिकिलो रहेकोमा वर्षको अन्त्यमा आइपुग्दा घिउ १३ सय पुगेको छ । अघिल्लो वर्ष लिटरको २ सय ७० रुपैयाँ रहेको तेल अहिले ३ सय ५० प्रति लिटर पुगेको छ । यस्तै, चामलमा पनि उत्तिकै मूल्य बढेको छ । गत वर्षको तुलनामा त्रिशुली पोखरेली चामल किलोमै २० रुपैयाँ बढेको छ । अघिल्लो वर्ष प्रतिकिलो ८५ रुपैयाँमा पाउने चामल अहिले १ सय ५ रूपैयाँमा खरिद बिक्री भइरहेको छ ।

मैदा र दूधमा क्रमशः २० र ११ रुपैयाँ बढाइएको छ । यी त केही बढेका नमुना मात्रै हुन् थुप्रै सामग्री कहालीलाग्दो रूपमा बढेको छ । यसप्रति सरकार बेखबर छ । कतिपय बेला बजार अनुगमन सरकारले गर्छ तर त्यो खाली देखाउनकै लागि मात्र जस्तो भएको छ ।

वर्ष २०७९ मा थुप्रै सहकारी तथा लघुवित्तमा संकट देखापऱ्यो । सहकारीको नीति, सिद्धान्तमा नहिँड्दा सहकारी संकटमा परे । हजारौंको सख्यामा सहकारीमा संकट देखापरेको पऱ्यो । अझै यो संकट हल हुने अवस्थामा छैन । सहकारीले गलत ठाउँमा प्रयोग गरी अत्यधिक लाभ लिने उद्देश्यले कर्जा प्रवाह गर्दा समस्या आएको हो । लघुवित्तले पनि ऋणलाई चर्को ब्याजमा ऋण प्रवाह गर्दा समस्या आएको हो । ऋणको क्षमताअनुसार कर्जा प्रवाह नगर्ने, एउटै ऋणलाई धेरैवटा लघुबित्तले कर्जा प्रवाह गर्दा समस्या देखापऱ्यो । यस वर्ष थुप्रै लघुवित्तमा संकट देखापऱ्यो ।

धेरै लघुवित्तमा अहिले आन्दोलन र तालाबन्दीको अवस्थामा छ । वर्ष २०७९ मा मिटरब्याजीको समेत हरेक गाउँ, टोलहरूमा दबदबा बढ्यो । मिटर ब्याजीपीडित देशको राजधानीलगायत अन्य थुप्रै मागमा संघर्ष गरिहेका छन् । हेरौं सरकारले २०८० मा सहकारी, लघुवित्त र मिटरब्याजीपीडितको समस्या समाधान गर्ला कि ? तर, आमसर्वसाधारण, गरिब, मजदुर तथा उत्पीडनमा रहेका जनता सरकारले गर्ला भन्ने कुरा भरोसा छैन ।

अर्थतन्त्र फर्केर हेर्दा २०७९ मा सार्वजनिक ऋणको ब्यारोमिटर उत्कर्षमा पुग्यो । जसको कारण हरेक नेपालीको टाउकोमा ऋण बढ्न गयो । अघिल्लो वर्ष १७ अर्ब रहेको सार्वजनिक ऋण(२०७९ को अन्त्यसम्म आइपुग्दा झन्डै २१ खर्बनजिक अर्थात् २० अर्ब ७० अर्ब पुगेको छ । जुन कुल गार्हस्थ उत्पादनको ४३ प्रतिशतभन्दा बढी हो । यद्यपि, सार्वजनिक ऋण राम्ररी सदुपयोग हुन सकेन । चालू खर्च धान्न पनि सार्वजनिक ऋणको परिचालन गर्नु दुःखद कुरा हो ।

२०७९ मा वित्तीय अपराध अत्यधिक बढ्यो । कालोसूचीमा पर्नेको संख्या वृद्धि भयो । कर्जा सूचना केन्द्रको विवरणमा २०७८ सालमा ९ हजार ५ सय ५० भएकोमा २०७९ मा २२ हजार १ सय ८१ जना थपिएका छन् । ऋण सावाँ तिर्न नसकेर धेरैले आत्महत्या गरे भने कतिले घर छाडेर भागे । कतिपय उद्यम व्यवसाय छाडेर विदेश पलायन भए । वित्तीय अपरोध बढ्दा सामाजिक विचलनसमेत थुप्रै बढ्न गए ।

बितेको वर्ष मुलुकको राजनीतिक, सामाजिक र सांस्कृतिक क्षेत्रभन्दा पनि आर्थिक क्षेत्र तहसनहस भयो । हाम्रो राजस्वले चालू खर्च धान्नसमेत कठिन पऱ्यो । चालू आर्थिक वर्षको यही चैत ११ गतेसम्मको राजस्व संकलन र चालू खर्चमा खबौं खाडल छ । चैत ११ गतेसम्म सरकारको कुल आम्दानी ६ खर्ब ४० अर्ब २८ करोड ८९ लाख रुपैयाँ रहेको छ । तर, खर्च भने त्योभन्दा १ खर्ब ६५ अर्ब ५८ करोड ५५ लाख रुपैयाँ बढी अर्थात् ८ खर्ब ३ अर्ब ८७ करोड ४४ लाख रुपैयाँ रहेको छ । २०७९ सालमा कृषि क्षेत्रले उत्पादन र उत्पादकत्व वृद्धि गर्ने कुरा एकादेशको कथाजस्तै भयो ।

वर्ष २०७९ मा बैंकिङ कर्जा उत्पादनमूलक क्षेत्रमा जान सकेन । कृषि क्षेत्रमा छुट्याएको कर्जा सीमा पनि राष्ट्र बैंकअनुसार जान सकेन । नेपाल राष्ट्र बैंकले वित्तीय संस्थालाई लगानीयोग्य रकमको १५ प्रतिशत कृषिमा लगानी गर्न भनेकोमा उनीहरूले १२ दशमलव २६ प्रतिशत लगानी गरे । बैंकिङ कर्जा धेरै मानिसको हातमा पुगेन । बैंकिङ कर्जा घरजग्गा, अटोमोबाइल्स र सेवा क्षेत्रमा बढी गयो । नेपाल राष्ट्र बैंकले १५ प्रतिशतभन्दा बढी ब्याज लिन नपाउने नियम लागू गरे पनि लघुवित्तले ३०( ३६ प्रतिशतसम्म घुमाएर ब्याज लिए । किस्ता तिर्न नसेपछि घर छोडेर भाग्नेको संख्या बढ्यो ।

गएको वर्षमा पुँजी बजार अर्थात् सेयर बजारले नराम्ररी धक्का खायो । २०७९ मा सेयर बजारले ९ खर्ब ९० अर्ब रुपैयाँबराबरीको लगानी गुमायो । नेपाल राष्ट्र बैंकका अनुसार गत फागुन मसान्तदेखि चालू आर्थिक वर्षको फागुन मसान्तसम्मको एक वर्षको अवधिमा मार्केट क्यापिटलाइजेसन ९ खर्ब ५९ अर्ब ११ करोड रुपैयाँले घट्यो । अघिल्लो वर्ष फागन् मसान्तमा २६ सय ६८ दशमलव १२ अंकको बिन्दुमा नेप्से रहँदा मार्केट क्यापिटलाइजेसन ३७ अर्ब ८२ अर्ब ७९ करोड रुपैयाँबराबरको रहेको थियो । तर, चालू आीर्थक वर्षको फागन् मसान्तसम्म आइपुग्दा नेप्से सूचक १९ सय ५३ दशमलव शून्य ६ अंकको बिन्दुमा झर्न पुगेको र मार्केट क्यापिटलाइजेसन २८ खर्व २३ अर्ब ६८ करोड रुपैयाँमा झऱ्यो ।

अन्त्यमा बितेको १ वर्ष अर्थतन्त्रका सबै सूचक नकारात्मक मात्र देखिएको भने कदापि होइन । अर्थतन्त्रको बाह्य क्षेत्रमा राम्रो सुधार हुन सक्यो । गत वर्षको तुलनामा करिब २० प्रतिशतले आयात घट्यो भने रेमिट्यान्स आय २५ प्रतिशतले बढ्यो । यही कारण विदेशी विनिमय सञ्चिति फेरि १४ खर्बभन्दा माथि पुग्यो । सञ्चितिमा बढोत्तरी भएपछि यससँग सम्बन्धित अन्य क्षेत्रमा पनि सकारात्मक प्रभाव पऱ्यो । राजधानी दैनिक

# रामेछाप डायरी

## मिटर ब्याज सम्बन्धी उजुरी दिन रामेछाप प्रशासनको आग्रह

जिल्ला प्रशासन कार्यालय रामेछापले मिटर ब्याज सम्बन्धी उजुरी दिन आईतबार आह्वान गरेको छ । यही वैशाख १७ गतेबाट उजुरी दिन सकिने जिल्ला प्रशासन कार्यालयले जनाएको छ । नेपाल सरकारले जाँचबुझ आयोग समेत गठन गरिसकेको अवस्थामा मिटर ब्याज पीडितहरूलाई निवेदन दिन आग्रह गरिएको रामेछाप प्रशासनले जनाएको छ ।

भएसम्मका सबुद प्रमाण संलग्न गरेर आवेदन दिन प्रशासन कार्यालयले आग्रह गरेको हो । जिल्ला प्रशासन कार्यालयमा स्थापना गरिएको सहायता कक्षबाट निवेदन फारम निशुल्क रुपमा उपलब्ध गराइने समेत उल्लेख गरिएको छ । वैशाख १७ गतेदेखि १५ दिनभित्र पीडितहरुलाई निवेदन दिन आग्रह गरिएको छ ।

## मन्थलीमा पत्रकारलाई अनलाईन प्रविधिमा आधारित तालिम सुरु

रामेछाप जिल्लामा रहेर पत्रकारीता गरिरहेका क्रियासिल पत्रकारहरुलाई अनलाईन प्रविधिमा आधारित तालिम दिइएको छ। रेडियो,अनलाईन र पत्रिकामा कार्यरत विभिन्न पत्रकारहरुलाई तालिम दिइएको हो ।

नेपाल पत्रकार महासंघ बागमति प्रदेश र मन्थली नगरपालिकाको सहयोगमा तालिमको आयोजना गरिएको नेपाल पत्रकार महासंघ रामेछापका अध्यक्ष बद्रि नयाँघरेले बताउनुभयो ।

५ दिन सम्म चल्ने उक्त तालिमको उद्घघाटन मन्थली नगरपालिकाका प्रमुख लब श्रेष्ठले गर्नुभयो । तालिममा रामेछाप जिल्लामा क्रियासिल करिव २५ जना पत्रकारहरुको सहभागिता रहेको छ । रामेछापमा हाल ९ वटा र ेडियो,८ वटा पत्रपत्रिका र १५ वटा अनलाइन संचालनमा रहेका छन ।

## मचबारी थानापती महादेव मन्दिरको पुनःनिर्माण अन्तिम चरणमा

रामेछाप मन्थली नगरपालिका -५ सुनारपानी मचबारीमा रहेको स्थानीय भाषामा थानापती महादेव मन्दिर पुनःनिर्माण अन्तिम चरणमा पुगेको छ ।

ढुङ्गा र माटोले बनेको पुरानो मन्दिर जीर्ण बनेपछि २०६३/६४ तिर जगबाटै भत्काएर पुनःनिर्माण गरिएको थियो ।

२०७२ को बिनाशकारी भुकम्प पश्चात् विसं २०७७/७८ मा शिलान्यास गरेर काम सुरु भएको मन्दिरको ९५ प्रतिशत काम सकिएको चम्पेश्वर थानापती महादेव श्रेष्ठ समुदायका संयोजक तथा स्थानीय सरोकार सदस्य पूर्णबहादुर श्रेष्ठले बताए ।

उनले अब मन्दिरमा बत्ती जडान, ढुङ्गा बिच्छाउने र पर्खाल लगाउने केही काम बाँकी रहेको बताए । उनले भने,"अभिलेखालय पुरातत्त्व बिभाग, नेपाल सरकारको झन्डै रु एक करोड पच्चीस लाखको लागतमा मन्दिर पुनः निर्माण कार्य हुदै गरेको छ"।

बि.पि राजमार्गअन्तर्गत सिन्धुलीको खुर्कोट हुँदै १७ किलोमिटर मन्थलीबाट ७ कि मि पुर्वी पक्की सडक र करिब ३०० मिटर कच्ची मोटरबाटो पछि थानपती महादेव मन्दिर पुग्न सकिन्छ ।

# नुवाकोट दरबारको पुनःनिर्माण छिट्टै सुरु हुन्छ : चिनियाँ राजदूत छन् सोङ

त्रिशूली । नेपालका लागि चिनियाँ राजदूत छन् सोङ ले भूकम्पले क्षति पुऱ्याएको नुवाकोटको साततले दरबारसहित आसपासको धार्मिक तथा पुरातात्विक सम्पदाको पुनःनिर्माण छिट्टै सुरु हुने बताउनु भएको छ । चीन सरकारले जिम्मेवारी लिएको दरबारसहितको संरचना पुनःनिर्माणको काम ढिलो भइरहेको समयमा आज राजदूत सोङले स्थलगत अवलोकन गर्दै काम सुरुको तयारीमा रहेकाले समयावधिको लक्ष्य र जिम्मेवारी अनुसार सम्पन्न गर्ने प्रतिबद्धता जनाउनुभयो ।

"गोरखा भूकम्पले क्षति पुऱ्याएको नुवाकोटको साततले दरबारसहित यहाँको धार्मिक, सांस्कृतिक तथा पुरातात्विक आठवटा संरचनाको पुनःनिर्माणको जिम्मेवारी चीन सरकारको भएकाले काम सम्पन्न हुन्छ भन्नेमा ढुक्क हुनुहोस्", राजदूत सोङले भन्नुभयो, "केही प्राविधिक पक्ष र द्विपक्षीय समझदारी मिलाउनुपर्ने भएकाले मिति यकिन नभए पनि काम छिट्टै सुरु गर्न लागेका छौं ।"

भूकम्पले क्षति पुऱ्याएका संरचना पुनःनिर्माणमा सहयोग पुऱ्याउने कार्यक्रम अन्तर्गत नेपाल र चीन सरकारबीच नुवाकोटको साततले दरबारसहित यहाँका आठवटा धार्मिक, पुरातात्विक र ऐतिहासिक महत्त्वका संरचनाको पुनःनिर्माण चीन सरकारले गर्ने सम्झौता भएको छ । सोहीअनुसार नेपालका तर्फबाट पुरातत्व विभाग र चीन सरकारका तर्फबाट 'चाइनिज एकेडेमी अफ कल्चरल हेरिटेज'बीच विसं २०७६ जेठमा ४५ महिनाभित्रमा पुनःनिर्माण सम्पन्न गर्ने सम्झौता भएको थियो । उक्त अवधि पूरा भइसक्दासमेत दरबारसहितको संरचनाको पुनःनिर्माण तथा प्रबलीकरण अझै अन्योल अवस्थामा छ । चीनले पुनःनिर्माणको जिम्मेवारी लिएको आठवटा संरचनामा साततले दरबारसहित तुलजा भवानीको मन्दिर, दरबार परिसरको गारदघर, रङ्गमहल, विष्णु र नारायण मन्दिर, भैरवीदेवी मन्दिर परिसरमा रहेको लामपाटी र सेतोपाटी (दराबर) रहेका छन् । चिनियाँ प्राविधिकहरूबाट भौगोलिक र पुरातात्विक अध्ययन भइरहेको समयमा राजदूतले स्थलगत अवलोकनपश्चात् काम सुरु गर्न लागेको बताएसँगै पुनःनिर्माण अघि बढ्ने आशा जगाएको नुवाकोट दरबार हेरचाह तथा संरक्षण कार्यालयका प्रमुख अर्जुन फुँयालले बताउनुभयो । उहाँका अनुसार स्थलगत अवलोकनका क्रममा राजदूतले काम सुरु गर्नुअघि दरबारसम्म पुग्ने करिब आठसय मिटर सडकको पहुँच मार्ग खुला गर्नसहित स्थानीयवासीबाट आवश्यक सहयोग हुनुपर्ने माग गर्नुभयो । "राजदूतले काम सुरु गर्न विभागसँग थप नयाँ समझदारीदेखि यहाँ देखिएका समस्या समाधानमा सहयोग गर्नुपर्छ भन्नुभएको छ", कार्यालय प्रमुख फुँयालले भन्नुभयो, "ती विषय पूरा गर्न हामी (नेपाली पक्ष)तयार छौं ।" विसं २०७६ साउनमा पहिलो पटक कार्यक्षेत्रमा आइपुगेको चिनियाँ पक्षले साततले दरबार र तुलजा (तलेजु) भवानीको मन्दिरलाई थप क्षति हुनबाट जोगाउन खट बनाएको थियो । त्यसलगत्तैको नयाँ वर्ष (सन् २०२०) मा फर्कने भनेर गएको चिनियाँ प्राविधिक टोली गत वर्ष मात्रै केही आए पनि पुनःनिर्माणको काम भने अझै सुरु हुन बाँकी छ । तत्कालीन राजा पृथ्वीनारायण शाहले नुवाकोटमाथि विसं १८०१ मा विजय हासिल गरेपश्चात् साततले दरबारको निर्माण गर्न लगाएको पाइन्छ । उक्त दरबारलाई नेपालमा गणतन्त्र स्थापना भएसँगै 'नुवाकोट दरबार सङ्ग्रहालय'मा परिणत गरेर सर्वसाधारणका लागि खुला गरिएको बाँकी ६ पृष्ठमा



# हिमालयन बैंक सम्मानित

नेपाल राष्ट्र बैंकले आफ्नो ६८ औं वार्षिक उत्सवको अवसरमा आयोजना गरेको एक समारोहका बीच वाणिज्य बैंकहरु मध्ये सबै भन्दा बढी विप्रेषण भित्र्याउन सफल भएकोमा हिमालयन बैंक लिमिटेडलाई सम्मानित गरेको छ ।

सो समारोहमा सम्मान स्वरुप नेपाल राष्ट्र बैंकका गर्भनर महाप्रसाद अधिकारीले हिमालयन बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत अशोक




शमशेर राणालाई प्रशंसापत्र हस्तान्तरण गरेका छन् । हिमालयन बैंकले आ.व. २०७८/७९ मा देशमा भित्रिएको कुल विप्रेषणको १६.९० प्रतिशत रकम भित्र्याउन सफल भएकोमा सो सम्मान हासिल गरेको हो ।

करिब दुई दशक देखि आफ्नो विप्रेषण सेवा "हिमालरेमिट" मार्फत ग्राहकहरुलाई समयानुकूल सेवा-सुविधा प्रदान गरी अग्र स्थानमा रहँदै आएको छ । बैंकले संसार भरि अवस्थित १२५ भन्दा बढी व्यावसायिक साझेदारको सञ्जाल मार्फत प्रिमियम अनलाइन ग्राहक केन्द्रीत प्रविधिमा आधारित आधुनिक प्रणालीबाट आफ्नो विप्रेषण सेवा संचालन गर्दै आएको छ ।

हाल बैंकले देश भरि फैलिएका हिमालरेमिटका १८ हजार भन्दा बढी भुक्तानी केन्द्रहरु मार्फत विदेशबाट आप्रवाह भएका विप्रेषणको सरल र सहज रुपमा भुक्तानी गर्दै आएको छ भने बैंकले देश भरि रहेका १८९ शाखाहरु, २० वटा विस्तारित काउन्टर र २६३ भन्दा बढी ए.टि.एम हरुबाट आफ्ना ग्राहकवर्गहरुलाई सेवा पनि प्रदान गर्दै आएको छ ।

# मुक्तिनाथ विकास बैंकको घरदैलो कार्यक्रम

नेपाल राष्ट्र बैंकको यस आ.व २०७९/०८० लाई विद्युतीय भुक्तानी कारोबार प्रवर्द्धन रुपमा मनाउने अभियानसँगै मुक्तिनाथ विकास बैंकले सबै




शाखा कार्यालयहरु र केन्द्रीय कार्यालयका कर्मचारीका साथमा वित्तीय साक्षरता, विद्युतीय भुक्तानी कारोबार प्रवर्द्धन तथा घर दैलो कार्यक्रम सम्पन्न गरेको छ । बैंकको बृहत वित्तीय साक्षरता, विद्युतीय भुक्तानी कारोबार प्रवर्द्धन तथा घर दैलो कार्यक्रमको आयोजना भने देशभरका विभिन्न विद्यालय/कलेजहरु, समुदाय केन्द्रहरु तथा अन्य सार्वजनिक स्थलमा गरिएको थियो । 'जनता बैंकमा हैन बैंक जनतामा जानु पर्दछ' भन्ने मुलनारा बोकेको यस बैंकले आफ्नो नारालाई मनन् गर्दै यो कार्यक्रम आयोजना गरेको हो । बैंकले आयोजना गरेको उक्त कार्यक्रममा बैंकका अध्यक्ष, सञ्चालक समितिका सदस्यहरु, प्रमुख कार्यकारी अधिकृत, उच्च व्यवस्थापनसहित अन्य सम्पूर्ण कर्मचारी र केही संस्थापक सेयरधनीको सहभागीता रहेको थियो । यसबाट बैंकको नाम मात्र नभई बैंकिङ क्षेत्रको बारेमा पनि साक्षरता बढ्ने बैंकले जनाएको छ । यसरी वित्तीय साक्षरता तथा घरदैलो कार्यक्रम राख्दै बैंकले विद्यार्थीहरु, जनमानस तथा ग्राहकमा बैंकका विभिन्न सेवाकाबारे घरमै गएर वा एक स्थानबाटै जानकारी गराउँदा उपस्थित सबै सहभागीले बैंकिङ सेवा तथा विद्युतीय भुक्तानी कारोबार प्रवर्द्धन सम्बन्धी जानकारी पाउने विश्वास बैंकले लिएको छ ।

# सानिमा बैंकले दियो १० लाखको दुर्घटना बिमा रकम

सानिमा बैंकले सानिमा दीर्घायु बचत योजना अन्तर्गत १० लाख रुपैयाँको दुर्घटना बिमा दाबी रकम भुक्तानी गरेको छ । बैंकका खातावाला उदयकुमार साहको दुर्घटना भई मृत्यु भएकोले उनको हकवाला श्रीमती आशा कुमारीलाई सानिमा दीर्घायु बचत योजनाअन्तर्गत १० लाख रुपैयाँको दुर्घटना बिमा रकम भुक्तानी गरिएको हो । सानिमा बैंकका मधेश प्रदेश प्रमुख दिपेशसिंह ठकुरीले बिमा प्रदायक कम्पनी सिद्धार्थ इन्स्योरेन्स लिमिटेडको संयोजनमा बिमा रकमको




चेक हस्तान्तरण गरेका हुन् । स्वर्गीय उदय कुमार साहले सानिमा बैंकको पटेर्वासुगौली शाखामा उक्त योजना अन्तर्गत बचत खाता खोलेका थिए । सानिमा बैंकले दीर्घायु बचत योजनाअन्तर्गत १० लाखको दुर्घटना बिमा, ३ लाखसम्मको ६ जटिल रोगको उपचार बिमा, १० हजारसम्मको ओपीडी भुक्तानी शुल्कसहितको ५० हजार रुपैयाँसम्मको औषधि उपचार बिमा, २५ हजार रुपैयाँको आवधिक जीवन बिमा र ५ हजार रुपैयाँको वार्षिक स्वास्थ्य परीक्षण सुविधा प्रदान गर्दै आएको छ ।

# नबिलले बैंकले ल्यायो नेपालमै पहिलो पटक 'लाइफ टाइम फ्री क्रेडिट कार्ड'

नबिल बैंक लिमिटेडले 'नबिल लाइफ टाइम फ्री क्रेडिट कार्ड' बजारमा ल्याएको छ । बैंकले आफ्ना ग्राहकलाई केन्द्रित गरेर नेपालमै पहिलोपटक लाइफ टाइम फ्री क्रेडिट कार्ड ल्याएको हो। यस क्रेडिट कार्डका ग्राहकलाई अरु कार्डमा जस्तै कुनै पनि वार्षिक शुल्क, नवीकरण शुल्क वा अन्य शुल्क नलाग्ने नबिल बैंकले जनाएको छ । यो कार्डमार्फत ग्राहकले किनमेल गर्न, बिल तिर्न र नगद झिक्ने सबै सुविधा प्राप्त गर्न सक्नेछन् । यो कार्डले ग्राहकलाई सजिलो र सस्तो सुविधा लिन सहयोग पुग्ने बैंककी रिटेल लेन्डिङ युनिट प्रमुख चाँदनी श्रेष्ठले बताइन् । 'हामी हाम्रो लाइफ टाइम फ्री क्रेडिट कार्ड सुरु गर्न पाउँदा उत्साहित छौं र यो कार्डले हाम्रा ग्राहकलाई पहिलेभन्दा सजिलो र सस्तो सुविधा प्रदान गर्नेमा हामी विश्वस्त छौं', उनले भनिन् । नबिल बैंकका नयाँ र विद्यमान खाता भएका ग्राहकले यो कार्डका लागि आवेदन दिन सक्नेछन् । कार्डका लागि आवेदन दिन ग्राहकले नबिल बैंकको वेबसाइटमा गएर वा देशभरका २५६




शाखामध्ये कुनै पनि शाखामा सम्पर्क गर्न सक्नेछन् । यो योजना सीमित अवधिका लागिमात्र लागू हुने बैंकले जनाएको छ ।

# एभरेष्ट बैंकले इसुजु गाडी किन्न कर्जा दिने

नेपालका लागि एसएमएल इसुजुको आधिकारिक बिक्रेता लक्ष्मी कमर्सियल भेहिकल्स प्रालि र एभरेष्ट बैंक लिमिटेडबीच एसएमएल इसुजुका स्कुलबस, रुटबस, ट्रक, टिपर आदिमा लगानी गर्नेसम्बन्धी सम्झौता भएको छ ।

सम्झौता पत्रमा एभरेष्ट बैंकका तर्फबाट डिपुटी जेनरल मेनेजर गौरबकुमार तथा लक्ष्मी कमर्सियल भेहिकल्सका तर्फबाट सेल्स एण्ड अपरेसन डाइरेक्टर



कपिल शिवाकोटीले हस्ताक्षर गरे । लक्ष्मी ग्रुप सन् १९७३ मा स्थापित प्रतिष्ठित औद्योगिक तथा व्यापारिक घराना हो । लक्ष्मी ग्रुप हुण्डाइका प्यासेन्जर कार, बीएमडब्लू कारको नेपालको एक मात्र आधिकारिक बिक्रेता हो । लक्ष्मी ग्रुपले नै हिरो इलेक्ट्रिकका टु हिल्लर स्कुटरहरू र एसएमएल इसुजुका कमर्सियल गाडीहरुको आधिकारिक वितरक भई कार्य गर्दै आएको छ । एभरेष्ट बैंकसँग भएको सम्झौता अनुसार लक्ष्मी कमर्सियल भेहिकलसले नेपालमा आयात गरेर बिक्री वितरण गर्ने एसएमएल इसुजुका स्कूल बस, रुटबस, ट्रक, टिपर आदिमा बैंकका नेपाल भर रहेका आफ्ना १२४ शाखा कार्यालय मार्फत गाडीको मूल्यको ७० प्रतिशतसम्म कर्जा लगानी गर्ने छ । साथै, यस्तो कर्जा बढिमा ७ वर्षसम्मका लागि उपलब्ध हुनेछ । साथै, सर्भिस चार्ज र ब्याज दरमा पनि बैंकले सहुलियत उपलब्ध गराउने उल्लेख गरिएको लक्ष्मी कमर्सियलका बिजनेस हेड सञ्जय खड्काले जानकारी दिए ।

# प्रभु बैंकका ग्राहकलाई सौभाग्य हस्पिटलमा छुट

प्रभु बैंक लिमिटेड र कैलालीस्थित सौभाग्य हस्पिटल एण्ड रिसर्च सेन्टर काबीच विभिन्न सेवाहरूमा छुट प्रदान गर्ने सम्बन्धी सम्झौता सम्पन्न भएको छ । बैंकका तर्फबाट धनगढी ३१८ शाखा कार्यालय प्रमुख नगेन्द्ररत्न कोइराला र सौभाग्य हस्पिटल एण्ड रिसर्च सेन्टरका तर्फबाट अध्यक्ष दिनेशराज जैसीले सम्झौतामा हस्ताक्षर गरेका हुन् । सम्झौताअनुसार प्रभु बैंकमा खाता खोली बैंकिङ कारोबार गरिरहेका ग्राहकले सौभाग्य हस्पिटलद्वारा सञ्चालित ओपीडी परीक्षण सेवामा १५ प्रतिशत, साथै अन्य विभिन्न सेवामा १० प्रतिशत छुट प्राप्त




गर्नेछन् । प्रभु बैंकका ग्राहकले फार्मेसीबाट पनि ५ प्रतिशत छुट पाउने छन् । उक्त सम्झौता अन्तर्गत सौभाग्य हस्पिटल एण्ड रिसर्च सेन्टरमा सुविधा लिन चाहने प्रभु बैंकका ग्राहकले प्रभु बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड, मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ च्यानलहरू प्रयोग गरी भुक्तानी गर्दा, सौभाग्य हस्पिटल एण्ड रिसर्च सेन्टरका सेवामा आकर्षक छुट प्राप्त हुने व्यवस्था मिलाइएको छ ।

## अर्थ संसार

# आईएमई पेमा रेमिट्यान्स प्राप्त गर्दा एक सय रुपैयाँ बोनस

'आइएमई पे' मा आईएमईको केही अन्तर्राष्ट्रिय साझेदार मित्रहरु मार्फत रेमिट्यान्स प्राप्त गर्दा अब ग्राहकले रु १०० बोनस पाउने छन् । आईएमई




पेले आईएमई रेमिटसँगको सम्झौता अन्तर्गत ग्राहकले सजिलै आफ्नो वालेटमा रेमिट्यान्स प्राप्त गर्न मिल्ने सुविधा प्रदान गर्दै आइरहेको छ । साथै पछिल्लो समयदेखि आईएमई पेले वालेटमा रेमिट्यान्स दाबी गर्ने ग्राहकलाई रु ५० बोनस दिँदै आईरहेको छ । यसैक्रममा अब ग्राहकले अमेरिका, यूरोप, क्यानाडा, मलेशिया, कतार, युएई, कुवेत र बहराइन लगायत विश्वको जुन सुकै स्थानबाट मनी ग्राम, इन्स्टयान्ट क्यास, अल अन्सारी एक्सचेन्ज, वोर्ल्डवाइड क्यास एक्स्प्रेस र इजी रेमिट बाट पठाएको रेमिट्यान्सको रकम आईएमई पेबाट प्राप्त गर्दा ग्राहक रु १०० बोनस पाउने छन् ।

# लक्ष्मी कमर्शियल भेहिकलस् र एभरेष्ट बैंकबीच सम्झौता

नेपालका लागि एसएमएल इसुजुको आधिकारिक बिक्रेता लक्ष्मी कमर्शियल भेहिकल्स प्रा.लि. र एभरेष्ट बैंक लिमिटेड बीच एसएमएल इसुजुका स्कूल बस, रुटबस, ट्रक, टिप्पर आदिमा लगानी गर्ने सम्बन्धी सम्झौता भएको छ । सम्झौता पत्रमा एभरेष्ट बैंकका तर्फबाट डिपुटी जेनरल मेनेजर गौरव कुमारले तथा लक्ष्मी कमर्शियल भेहिकल्सका तर्फबाट सेल्स एण्ड अपरेशन डाइरेक्टर कपिल शिवाकोटीले हस्ताक्षर गर्नु भएको थियो । यो सम्झौता अनुसार एसएमल इसुजुका ग्राहकहरुले देखि नै ऋण सुविधा लिन सक्ने जनाइएको छ ।

लक्ष्मी ग्रुप सन् १९७३ मा स्थापित प्रतिष्ठित औद्योगिक तथा व्यापारिक घराना हो । लक्ष्मी ग्रुप हुण्डाईका प्यासेन्जर कारहरु, बिएमडब्लुका कारहरुको नेपालको एक मात्र आधिकारिक बिक्रेता हो । लक्ष्मी ग्रुपले नै हिरो इलेक्ट्रिकका टु हिल्लर स्कुटरहरु र एसएमएल इसुजुका कमर्शियल गाडीहरुको आधिकारिक बितरक भै कार्य गरि आएको छ । एभरेष्ट बैंकसँग भएको सम्झौता अनुसार लक्ष्मी कमर्शियल भेहिकलसले नेपालमा आयात गरेर बिक्री बितरण गर्ने एसएमएल इसुजुका स्कूल बस, रुटबस, ट्रक, टिप्पर आदिमा बैंकका नेपाल



भर रहेका आफ्ना १२४ शाखा कार्यालय मार्फत गाडीको मुल्यको ७०% सम्म कर्जा लगानी गर्ने छ ।

साथै, यस्तो कर्जा बढिमा ७ वर्ष सम्मको लागि उपलब्ध हुनेछ । साथै, सर्भिस चार्ज र ब्याज दरमा पनि बैंकले सहुलियत उपलब्ध गराउने उल्लेख गरिएको लक्ष्मी कमर्शियलका बिजेनेश हेड सञ्जय खड्काले जानकारी दिनुभएको छ । यो सम्झौता पश्चात दुई संस्था बिचको ब्यापार बढाउन सहयोगी हुने र भविष्यमा पनि सहकार्य गर्दै अगाडि बढ्ने बिचार बैंकका डिपुटी जेनेरल मेनेजर गौरव कुमारले ब्यक्त गर्नु भएको थियो ।

लक्ष्मी कमर्शियल भेहिकलका सबै शाखा कार्यालयहरु, डिलरहरुबाट एभरेष्ट बैंक सँग भएको सम्झौता अनुसार एसएमएल इसुजुका गाडी खरिद गर्ने ग्राहकहरुलाई आवश्यक ऋण लिने प्रकृयामा सहजीकरण गरिने लक्ष्मी कमर्शियलका नेटवर्क हेड श्री इश्वर दाहालले जानकारी दिनु भएको छ ।

लक्ष्मी ग्रुप अन्तर्गतको लक्ष्मी कमर्शियल भेहिकलस् प्रा.लि.ले नेपालमा एसएमएल इसुजुका कमर्शियल गाडीहरुको आधिकारिक बितरकको रुपमा कार्य गर्दै आएको छ । यसले भारतको चण्डिगढमा अवस्थित एसएमएल इसुजुको कारखानाबाट उत्पादित गाडीहरु नेपालमा आयात गरि नेपालको बजारमा बिक्री बितरण गर्ने र उक्त गाडीहरुलाई बिक्री पछिको सेवा पनि दिँदै आएको छ ।

एसएमएल इसुजुले १४ सिट क्षमता देखि ५५ सिट क्षमता सम्मका स्कुल बसहरु, स्टाफ बसहरु तथा ३ टन देखि ९ टन क्षमताका ट्रकहरु देखि ३ देखि ६ क्युबिक मिटर क्षमताका टिपर ट्रकहरु उत्पादन गर्ने गर्दछ । मजबुत बनावट र इन्धन किफायती भएका कारण एसएमएल इसुजुका गाडीहरु नेपालमा ग्राहकहरुको रोजाइमा पर्न सफल भएका छन् ।

# एनएमबि मोबाइल बैंकिङबाट आइएमई पेमा पैसा लोड गर्ने सुविधा

आइएमई डिजिटल सोलुसन लिमिटेडको आइएमई पेमा अब एनएमबि बैंकको खाता भएका ग्राहकले सिधै आफ्नो मोबाइल बैंकिङ एपबाट पैसा लोड गर्न मिल्ने भएको छ ।

आइएमई पे र एनएमबि बैंकबीच भएको सम्झौतास्वरुप अब ग्राहकले आफ्नो एनएमबि बैंकको मोबाइल बैंकिङ प्रयोग गरी सिधै एपबाट आइएमई पेमा पैसा लोड गर्न सकिनेछ ।

ग्राहकलाई एनएमबि बैंकको खाताबाट आफ्नो वालेटमा पैसा पठाउन सहज हुने उद्देश्यका साथ सो सुविधा सुचारु गरिएको जनाइएको छ ।

# विधेयक बिनाको विधेयक अधिवेशन

नगेन्द्रराज पौडेल

अन्ततः नवनिर्वाचत प्रतिनिधि सभाको दोस्रो कार्यकालको पहिलो अधिवेशन अघिल्लो शुक्रबारदेखि सकिएको छ । संसदीय व्यवस्थामा एक आर्थिक वर्षमा संसद्को अधिवेशन हिउँदे र वर्षे गरी दुईपटक बस्ने संवैधानिक व्यवस्था छ । हिउँदे अधिवेशन विधेयक अधिवेशन र वर्षे अधिवेशनलाई बजेट अधिवेशन पनि भन्ने गरिन्छ ।

तर, विधेयक अधिवेशन भनिए पनि संसद्का धेरै हिउँदे अधिवेशन विधेयकमाथि छलफल नै नगरी बितेका छन् । कतिपय अवस्थामा त अत्यावश्यक ऐन, कानुनसमेत हिउँदे अधिवेशनले देख्नै पाएको छैन । त्यसउपर हुने छलफल र विधेयक पारितको अवस्था त धेरैपरको विषय भयो । अधिवेशनको नाम मात्र विधेयक भनिन्छ, काम भने सधैं विषयान्तर हुने गरेको छ ।

सरकार गठन र पुनर्गठन

यसपटकको हिउँदे अधिवेशन सरकार गठन र पुनर्गठनमा नै सबैभन्दा बढी केन्द्रित रह्यो । सरकारलाई विश्वासको मत दिन र केही समिति गठनमा मात्रै यो अधिवेशन बढी अलमलियो । प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारलाई दुई/दुईपटक विश्वासको मत लिनुपर्ने संवैधानिक वाध्यता यसैबीचमा आइलाग्यो । गत ४ मंसिर २०७९ मा सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचन परिणामले एकल बहुमतको सरकार कुनै पनि दलको बन्ने सम्भावना टारिदियो ।

पुस १० मा नेकपा एमालेसहितको समर्थनमा प्रधानमन्त्री नियुक्त भएका माओवादी संसदीय दलका नेता पुष्पकमल दाहाल प्रचण्डले पुस २६ मा प्रतिनिधिसभामा विश्वासको मत मागे । उनले २ सय ७० सांसद उपस्थित भएकोमा २ सय ६८ मत पाए । प्रतिशतका हिसाबले यो मत ९९.२५ प्रतिशत थियो ।

साँच्चिकै प्रधानमन्त्री प्रचण्डको सरकारले त्यतिबेला प्रचण्ड बहुमत नै पाएको थियो । सत्ता गठबन्धनको विपक्षी दल नेपाली कांग्रेसले समेत त्यतिबेला सरकारको समर्थनमा विश्वासको मत दिएर नवीन भाष्य सिर्जना गराएको थियो । संसदीय परम्परामा प्रमुख प्रतिपक्षी दलले सरकारलाई विश्वासको मत दिएको उदाहरण सायदै पाइन्छन् । सरकारलाई प्राप्त विश्वासको असाधारण मतबाट हौसिएका प्रधानमन्त्री प्रचण्ड निकट भविष्यमा हुने राष्ट्रपति निर्वाचनमा साझा र सहमतिको उम्मेद्वारको वकालत गर्न लागे । यसअघि राष्ट्रपति आफूले पाउनुपर्ने अडान राख्दै आएको नेकपा एमाले भने नेपाली कांग्रेसले सरकारलाई समर्थन गर्दै विश्वासको मत दिएपछि संशकित बन्न पुग्यो । उसले कांग्रेसलाई ढोक्सा थापेको आरोप लगायो ।

प्रधानमन्त्रीको राष्ट्रिय सहमतिको साझा उम्मेद्वारको नवीन भाष्यबाट ऊ झन् बढी अत्तालियो । राष्ट्रपति निर्वाचनमा प्रधानमन्त्री 'प्रचण्ड'को पार्टीले नेपाली कांग्रेसका नेता रामचन्द्र पौडेललाई समर्थन गरेपछि सत्ता गठबन्धन बीच उत्पन्न टकराव उत्कर्षमा पुग्यो । विपक्षीमा रहेर पनि सरकारलाई विश्वासको मत दिनुको रहस्य उजागर हुँदै गयो । एमालेले ढोक्सा थापेको भनी कांग्रेसप्रति गरेको आशंका पुष्टि हुँदै गयो ।

अन्ततः सत्ता साझेदार दल नेकपा एमालेले सरकालाई दिएको समर्थन फिर्ता लियो । पुनः सदनबाट विश्वासको मत लिनुपर्ने कानुनी बाध्यता सरकारसमक्ष आइलाग्यो । अन्ततः दोस्रोपटक प्रधानमन्त्री प्रचण्डले संसद्को पहिलो अधिवेशनबाटै विश्वासको मत लिए । ६ चैत २०७९ मा पुनः विश्वासको मत लिँदा मतदानमा सहभागी भएका २ सय ६२ सांसदमध्ये उनलाई नेपाली कांग्रेससहित १ सय ७२ जना सदस्यले विश्वासको मत दिएका थिए । हिउँदे अधिवेशनले गरेको अर्को महत्वपूर्ण काम भने यही थियो ।

नाम मात्र विधेयक

विधेयक अधिवेशन भनिए पनि विधेयक'दयगत खासै चर्चा यस अधिवेशनमा भएन/गरिएन । यस अवधिमा औपचारिक रूपमा तीनवटा विधेयक दर्ता भए पनि पारित भने एउटा पनि गरिएन । गत ४ मंसिर २०७९ को निर्वाचनबाट गठित प्रतिनिधिसभाको पहिलो अधिवेशनलाई निकै चासोसाथ हेरिएको भने थियो । २५ पुस २०७९ मा सुरु भएको पहिलो अधिवेशनले एउटै पनि कानुन निर्माण गर्न सकेन, बरु सरकार निर्माण प्रक्रियामा बढी अल्झियो । संघीय निजामती ऐन, शिक्षा ऐन, संक्रमणकालीन न्याय, नागरिकतासँग सम्बन्धित महत्वपूर्ण विधेयक पारित हुन सकेनन् ।

संघीयतालाई व्यवस्थित गर्ने अन्य कैयौं ऐन त यो अधिवेशनले देख्नसम्म पनि पाएन । यी ऐनको अभावमा संघीयता कार्यान्वयनमा जटिलता उत्पन्न भएको छ। आज दरबन्दी मिलान हुन नसक्दा कर्णालीका ४० प्रतिशत विद्यालयले सरकारीशिक्षक दरबन्दी नै पाएका छैनन् । त्यहाँ आधारभूत तहका २० प्रतिशत विद्यार्थीले पढाइ नै छाड्ने गरेको तथ्य सार्वजनिक भएको छ। संघीय शिक्षा ऐनको अभाव यतिबेला सर्वत्र खड्किएको छ। संघीय निजामती ऐनको अभावमा प्रदेश तथा स्थानीय तहमा समायोजन भएका कर्मचारीहरूको वृत्तिविकास आजपर्यन्त अन्योलमा छ। तर, यतातर्फ भने न सरकार, न प्रतिपक्ष कसैको पनि ध्यान गएको छैन । सबैको ध्यान सत्तामा नै केन्द्रित छ। कसैलाई सत्तामा जान र कसैलाई सत्ताबाट निकाल्नमा मात्रै योपटकको अधिवेशन सीमित देखियो ।

विगतको संसद्को पाँचवर्षे कार्यकालसमेत यी ऐन निर्माणका हेतु अफाबसिद्द भएर बित्यो । दोस्रो कार्यकालको पहिलो अधिवेशनमा समेत यी ऐन सर्वाधिक सरोकारको विषय बन्न सकेनन् । सरकारमा जाने र हटने, आलोचना र प्रत्यालोचनामा मात्रै यो अधिवेशनको धेरैजसो समय व्यथित भयो । संसद्लाई सरकारले बिजनेस दिने हो । बिजेनस दिन नसक्दा सांसदको अधिकांश समय शून्य समय र विशेष समयमा बित्यो । जनतामा यो संसद्प्रति अलिकति पलाएको भरोसा पनि गुम्यो । राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका केही सांसदको सदनमा खरो प्रस्तुति रहे पनि त्यसले जनताको जीवनस्तरसँग खासै परिवर्तन ल्याउन सकेन । परम्पराबाट भिन्न कुनै पनि अनुभूति आमनागरिकले गर्न पाएनन् । संसदीय विषयगत समिति अधिवेशनको अन्तिम दिन गठन भए पनि संसदीय सुनुवाइजस्तो अत्यन्तै महत्वपूर्ण समिति भने बन्न सकेन ।

सरकार अपूर्ण

संसद्को पहिलो अधिवेशनमा सरकार गठन र पुनर्गठन दुई दुईपटक भयो । सरकारले सदनबाट विश्वासको मत पनि दुईपटकसम्म पायो । तर, पनि सरकारले भने पूर्णता पाउन आजसम्म पनि सकेको छैन । सरकारलाई समर्थन दिएको राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने गृहमन्त्रीको कार्यभार सम्हाल्ने गरी सरकारको उपप्रधानमन्त्रीसमेत बने । नागरिकता विवादका कारण सर्वोच्च अदालतको फैसलाले पदमुक्त भएका लामिछाने पुनः उपनिर्वाचन लडी संसद्को पहिलो अधिवेशनकै कार्यकाल भित्र संसद्मा पुनः प्रवेश गरे । स्वतन्त्र नागरिकका हैसियतले नै सही, ६ महिने गृहमन्त्रीका लागि उनले यसबीचमा निकै पहल गरे ।

प्रधानमन्त्रीले सांसदविहीन व्यक्तिलाई मन्त्री बनाउँदा जनतामा गलत सन्देश जाने भनी मन्त्री दिएनन् । यही झोंकमा उनले आफ्ना पार्टीका अन्य सदस्यलाई समेत खाइपाइ आएको मन्त्रीबाट फिर्ता बोलाए । पार्टी नयाँ भनिए पनि सत्तारोहणका सन्दर्भमा रास्वपामा पुरानै नियत दोहोरियो । सत्ता प्राप्ति सो पार्टीका लागि पनि मुख्य लक्ष्य देखियो । तसर्थ, पार्टी नयाँ हुँदैमा विचार नयाँ हुँदो रहेनछ भन्ने कुरा सो पार्टीको सत्तारोहणको हतारोबाट पुष्टि भयो । भागबन्डा र गुट उपगुटका कारण आजसम्म पनि सरकारले पूर्णता पाउन सकेको छैन । खासगरी नेपाली कांग्रेका भागमा परेको स्वास्थ्य मन्त्रालय सो पार्टीभित्रका शेखर(गगन समूहको गनगनका कारण टुंगोमा पुग्न सकेको छैन । आज पनि नेपाली कांग्रेसका नेता एव सरकारका उपप्रधानमन्त्री पूर्णबहादुर खड्कासित दुईवटा र प्रधानमन्त्री 'प्रचण्ड' मातहत चार मन्त्रालय छन् । सरकारलाई समर्थन गरेको तर सरकारबाट बाहिरिएको रास्वपा र जनमत पार्टीले सरकारलाई समर्थन यथावत् राखेर पुनः सरकारमा सहभागी हुन्छन् वा समर्थन फिर्ता लिन्छन् त्यो भने हेर्न बाँकी नै छ । यदि यी दलले समर्थन फिर्ता लिए भने पुनः सरकारले विश्वासको मत लिनुपर्ने अर्को वाध्यता आउन सक्छ । त्यतिबेला बोलाइने विशेष अधिवेशन पनि सरकार'दयगत निर्णय गर्नमा नै सीमित हुनेछ ।

कानुन निर्माणमा असफल रहे पनि प्रतिनिधिसभाले आफ्नो पहिलो बैठक सकिएकै दिन गत शुक्रवार संसदीय विषयगत समिति भने गठन गरेको छ । अधिवेशन सुरु भएको चार महिनापछि गएर भए पनि १० वटा विषयगत समिति गठन भएका छन् । यसबीचमा प्रतिनिधिसभा नियमावली २०७९ पनि पारित भएको छ। संयुक्त समिति अन्तर्गत संसदीय सुनुवाइ समिति र राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समिति भने अझै गठन भएका छैनन् ।

खासगरी संसदीय सुनवाइ समितिको अभावमा राज्यका महत्वपूर्ण संवैधानिक निकायमा प्रमुख तथा पदाधिकारी नियुक्तिमा थप विलम्ब हुने देखिन्छ । राज्यका महत्वपूर्ण अंग लामो समयसम्म रिक्त वा कायम मुकायमका भरमा राख्नु राम्रो मानिँदैन । तर, हाम्रो संसद् न विधेयक नै दिन सक्छ न मातहतको समिति नै बनाउन सक्छ । नामअनुसारको काम गर्न नसकेपछि संसद्को आवश्यकता नै किन भनेर भोलि कसैले प्रश्न उठाएछ भने पनि अब अन्यथा मान्नुपर्नेछैन ।

राजधानी दैनिक

> यसपटकको हिउँदे अधिवेशन सरकार गठन र पुनर्गठनमा नै सबैभन्दा बढी केन्द्रित रह्यो । सरकारलाई विश्वासको मत दिन र केही समिति गठनमा मात्रै यो अधिवेशन बढी अलमलियो । प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारलाई दुई/दुईपटक विश्वासको मत लिनुपर्ने संवैधानिक वाध्यता यसैबीचमा आइलाग्यो । गत ४ मंसिर २०७९ मा सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचन परिणामले एकल बहुमतको सरकार कुनै पनि दलको बन्ने सम्भावना टारिदियो । पुस १० मा नेकपा एमालेसहितको समर्थनमा प्रधानमन्त्री नियुक्त भएका माओवादी संसदीय दलका नेता पुष्पकमल दाहाल प्रचण्डले पुस २६ मा प्रतिनिधिसभामा विश्वासको मत मागे । उनले २ सय ७० सांसद उपस्थित भएकोमा २ सय ६८ मत पाए । प्रतिशतका हिसाबले यो मत ९९.२५ प्रतिशत थियो । साँच्चिकै प्रधानमन्त्री प्रचण्डको सरकारले त्यतिबेला प्रचण्ड बहुमत नै पाएको थियो । सत्ता गठबन्धनको विपक्षी दल नेपाली कांग्रेसले समेत त्यतिबेला सरकारको समर्थनमा विश्वासको मत दिएर नवीन भाष्य सिर्जना गराएको थियो ।

# कीर्ते धनीपुर्जा बाँडेर सुकुम्वासीसँग लाखौं असुली, दुई आरोपी पक्राउ

झापा । जग्गाको नक्कली धनीपुर्जा दिएर मेचीनगर नगरपालिका ५ मेचीडाँडाका ६० परिवारसँग रकम असुली गरेको आरोपमा दुई व्यक्ति पक्राउ परेका छन् । आरोपीले पीडितसँग लाखौं रकम असुलेको पाइएको छ । जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी खगेन्द्र रिजालका अनुसार जग्गाको नक्क्ली धनीपुर्जा बनाएर दिएको आरोप लागेका मेचीनगर ६ का ७५ वर्षीय भूपध्वज दाहाललाई प्रहरीले पक्राउ गरेको छ ।

अर्को आरोपी सोही वडाका ७३ वर्षीय ज्ञानबहादुर गिरी केही दिनअघि नै पक्राउ परेका थिए । वर्षौंदेखि ऐलानी जग्गामा बसोबास गर्दै आएका मेची डाँडाका सुकुम्वासी परिवारसँग जग्गाको धनीपुर्जा थिएन । धनीपुर्जा बनाएर घरमै ल्याइदिने भन्दै स्थानीय तीन जनाले रु १० हजारदेखि ७० हजारसम्म रकम असुली गरेको पीडितको भनाइ छ । आरोपीमध्ये फरार एक जनाको खोजी कार्य भइरहेको प्रहरीको भनाइ छ ।

छ महिनाअघि जग्गाधनीको फोटो टाँसिएको र रातो मसीले सही गरिएको सरकारी छापसहितको जग्गा धनीपुर्जा पाउँदा स्थानीय सुकुम्वासी दङ्ग थिए । तर, उनीहरूको यो खुसी लामो समय टिकेन । डेढ महिनाअघि केही जग्गाधनीले मेचीनगर ६ को वडा कार्यालयमा एकीकृत सम्पत्ति कर तिर्न जाँदा सो धनीपुर्जा नक्कली भएको खुलासा भएको थियो । वडामा जाँदा मात्रै सुकुम्वासीले धनीपुर्जाको नाममा ठगिएको पत्तो पाएका थिए ।रकम असुलेर नक्कली धनीपुर्जा दिने व्यक्ति विरुद्ध पीडितले जिल्ला प्रशासन कार्यालय झापामा किटानी उजुरी दिएका छन् भने जिल्ला प्रशासनले घटनाको अनुसन्धान गर्न प्रहरी निकायलाई निर्देशन दिएको छ । ऐलानी तीन धुर जग्गामा बसोबास गर्दै आउनुभएकी मेचीनगर ६ की सरस्वती बरालले वडा कार्यालयमा तिरो बुझाउन जाँदा त्यहाँका कर्मचारीहरूले धनीपुर्जा नक्कली भएको जानकारी गराएको बताउनुभयो । "गाउँकै भूपध्वज दाहाल र ज्ञानबहादुर गिरीले 'रु ५० हजार दिनू, धनीपुर्जा बनाएर ल्याइदिन्छु' भनेपछि रु ३५ हजार बुझाएको थिएँ", ठगीको शिकार हुनुभएकी सरस्वती बरालले भन्नुभयो, "वडामा तिरो बुझाउन जाँदा पो धनीपुर्जा नक्कली हो भनिदिए । मेरो पैसा पनि गयो, धनीपुर्जा पनि कीर्ते पऱ्यो ।"

वडा कार्यालयका कर्मचारीले कम्प्युटरमा धनीपुर्जाको कित्ता नम्बर भिडाउँदा नभेटिएपछि पीडित बराल वडा कार्यालयमै केही बेर बेहोस हुनुभएको थियो । सो बस्तीका ५९ जनाले वडा कार्यालयमा गएर धनीपुर्जाको कित्ता नम्बर भिडाउँदा नभेटिएपछि गाउँमा बाँडिएका सबै धनीपुर्जा कीर्ते भएको प्रमाणित भएको थियो । हाल सो गाउँका पीडितको रुवाबासी छ । कतिले चर्को ब्याजमा ऋण काढेर धनीपुर्जाका लागि रकम बुझाएका थिए । धनीपुर्जा बनाइदिन्छु भनेर रकम असुली गर्ने विरुद्ध पीडितले गत चैत १७ गते वडा कार्यालयमा उजुरी दिएका थिए । वडाले पीडितको रकम फिर्ता गराउनका लागि गरेको प्रयास असफल भएपछि जिल्ला प्रशासन कार्यालयलाई पीडितले गुहारेका हुन् । अब बाँकी ६ पृष्ठमा

# खेलकुद

## ए डिभिजन फुटबल : जाउलाखेल र सङ्कटाको खेल बराबरीमा

काठमाडौं । सहिद स्मारक ए डिभिजन लिग फुटबल प्रतियोगिताअन्तर्गत आज भएको जावलाखेल युथ क्लब र सङ्कटा क्लबबीचको खेल बराबरीमा सकिएको छ । सातदोबाटोस्थित एन्फा (अखिल नेपाल फुटबल सङ्घ) कम्प्लेक्समा भएको खेलमा लिग लिडर जावलाखेल र सङ्कटा क्लबबीचको खेल १-१ गोलको बराबरीमा टुङ्गिएको हो । खेलमा पहिलो अग्रता भने जाउलाखेलले लिएको थियो । खेलको ३३औं मिनेटमा जाउलाखेलका विदेशी खेलाडी फोडे फोफानाले गोल गर्दै सुरुआती अग्रता दिलाएका थिए । जाउलाखेलको १(० गोलको अग्रता लामो समयसम्म टिक्न सकेन । खेलको ७३औं मिनेटमा सङ्कटाका खेलाडी निशान खड्काले गोल गर्दै खेललाई १(१ गोलको बराबरीमा ल्याए ।यस बराबरी खेलसँगै जावलाखेलले १३ खेलमा २४ अङ्क जोडेको छ । जावलाखेल अङ्क तालिकाको शीर्ष स्थानमा छ । त्यस्तै समान १३  खेल नै खेलको सङ्कटा १६ अङ्क जोडेर अङ्क तालिकाको ११ औं स्थानमा रहेको छ ।

## पोखरा स्पोर्ट्स अवार्ड : को बन्ला वर्ष उत्कृट महिला खेलाडी ?

कास्की । सातौं संस्करणको पोखरा स्पोर्टस् अवार्डको तयारी भइरहेको छ । नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले आयोजना गर्दै आएको अवार्ड समारोह यही वैशाख २३ गते पोखरा सभागृहमा हुँदैछ ।  खेल क्षेत्रमा लागेर समाज र देशका लागि योगदान गरेका खेलकुदकर्मीहरूलाई मञ्चले भव्य समारोहबीच अवार्ड प्रदान गर्नेछ । सातौं संस्करणमा वर्ष खेलाडी महिला, वर्ष खेलाडी पुरुष, लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उदीयमान खेलाडी, वर्ष उत्कृष्ट खेलकुद सङ्घसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड प्रदान गरिनेछ ।  मञ्चले वर्ष उत्कृष्ट खेलाडी महिला, पुरुष, उत्कृष्ट प्रशिक्षक र उदीयमान खेलाडीको मनोनयन सार्वजनिक गरिसकेको छ । पोखरा स्पोर्ट्स अवार्डमा वर्ष उत्कृष्ट खेलाडी महिलातर्फको उपाधिका लागि तीन जना खेलाडीबीच प्रतिस्पर्धा हुँदैछ । आर्चरीका रोजिना थापा मगर(बाग्लुङ), फुटबलका सावित्रा भण्डारी(लमजुङ) र आइटिएफ तेक्वान्दोका सुस्मिता थापा मगर(बाग्लुङ) उत्कृष्ट खेलाडीको मनोनयनमा पर्नुभएको छ । खेलाडी अघिल्लो वर्ष खेल क्षेत्रमा प्राप्त गरेको सफलताका आधारमा उत्कृष्ट खेलाडी छनोट हुनेछन् ।  विसं २०५९ मा जन्मिएका रोजीनाले विसं २०७२ देखि आर्चरी खेल्न सुरु गर्नुभयो । उहाँले विसं २०७३ मा आयोजना गरिएको राष्ट्रिय आर्चरी प्रतियोगितामा पहिलोपटक स्वर्ण पदक हात पार्नुभयो । त्यसैगरी सोही वर्ष सम्पन्न सातौं राष्ट्रिय खेलकुदमा थापाले दुई स्वर्ण पदक हात पार्नुभयो । गत वर्ष पोखरामा सम्पन्न नवौ राष्ट्रिय खेलकुद प्रतियोगितामा रोजिनाले  दुई स्वर्ण जित्नुभएको थियो । यसैगरी बाग्लुङका आइटिएफ तेक्वान्दोका खेलाडी सुस्मिता थापामगरले विसं २०७४ देखि खेलकुदमा पाइला चाल्नुभएको हो । पहिलोपटक विसं २०७६ मा सम्पन्न आठौ राष्ट्रिय खेलकुदमा सहभागी भएर सुस्मिताले एक स्वर्ण र दुई रजत पदक हात पार्न पार्नुभयो । यसैगरी विसं २०७८ मा भएको पहिलो गण्डकी प्रदेश स्तरीय तेक्वान्दो प्रतियोगितामा दुई स्वर्ण पदक हात पार्दै उत्कृष्ट खेलाडीको उपाधि जित्नुभयो । पोखरामा गत वर्ष असोज अन्तिम साता भएको  नवौं राष्ट्रिय खेलकुदमा एक स्वर्ण र एक रजत पदक  सुस्मिताले जित्नुभयो । यसैगरी नेपाली राष्ट्रिय महिला फुटबल टोलीका फरवार्ड सावित्रा भण्डारी (साम्बा)ले १२ वर्षको उमेरदेखि खेल्न सुरु गर्नुभएको हो । हाल विभागीय नेपाल एपिएफ क्लबमा आवद्ध सावित्रा फुटबल भन्दा अघि एथलेटिक्स र भलिबल खेलाडी हुनुहुन्थ्यो  । विसं २०६९ मा भएको राष्ट्रपति रनिङ शिल्डअन्तर्गत १०० मिटर दौडमा सावित्राले पहिलोपटक स्वर्ण आफ्नो नाममा लेखाउनुभयो ।  सावित्राले विसं २०७० देखि फुटबल खेल्न सुरु गर्नुभएको हो । उहाँ सोही वर्ष राष्ट्रिय टिममा स्थान बनाउनुभयो । सन् २०१४ मा सम्पन्न साफ च्याम्पियनसीपमा सावित्राले देशको प्रतिनिधित्व गर्दै पहिलो अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुनुभयो । त्यसपछि हालसम्म उहाँले राष्ट्रिय टोलीबाट एक दर्जन अन्तराष्ट्रिय प्रतियोगिता खेल्नुभएको छ । पोखरा स्पोर्टस् अवार्डमा वर्ष खेलाडी पुरुष र वर्ष खेलाडी महिला हुन सफल खेलाडीले टेल्जि नेपालको टाइगर इलेक्ट्रिक स्कुटर र ट्रफी हात पार्नेछन् । यसैगरी वर्ष उत्कृष्ट उदीयमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेल पत्रकार र वर्ष उत्कृष्ट खेलकुद सङ्घसंस्था वा क्लबतर्फका विजेताले नगद रु ३५ हजारको साथमा ट्रफी पुरस्कार प्राप्त गर्ने मञ्चका अध्यक्ष दीननाथ बरालले जानकारी दिनुभयो ।

## यु १६ राष्ट्रिय क्रिकेट : कोशी प्रदेश च्याम्पियन

कोशी प्रदेश धनगढीमा जारी 'एनआइबिएम सुदूरपश्चिम मुख्यमन्त्री १६ वर्षमुनिको राष्ट्रिय क्रिकेट प्रतियोगिता'को च्याम्पियन बनेको छ ।  स्थानीय फाप्ला क्रिकेट मैदानमा आइतबार भएको फाइनल प्रतिस्पर्धामा बागमती प्रदेशलाई ३५ रनले पराजित गर्दै कोशी प्रतियोगिताको च्याम्पियन बनेको हो । प्रतियोगिताको विजेता बनेसँगै कोशी प्रदेशले ट्रफी र रु दुई लाख प्राप्त गरेको छ। उपविजेता बनेको बागमती प्रदेशले ट्रफीसहित रु एक लाख प्राप्त गरेको छ। टस जितेर पहिले ब्याटिङ गरेको कोशी प्रदेशले वर्षाका कारण घटाइएको २५ ओभरको खेलमा सात विकेट क्षतिमा एक सय ७१ रन बनाएको थियो । कोशीका लागि एलिस मण्डलले अर्धशतकीय पारी खेल्दै ५३ रन बनाए । यस्तै, सिंवाश बजगाईंले अविजित ३० रन, दीपु भुजेलले २१ रन र आशिक मगरले २० रन बनाए । बागमतीका लागि सुप्रिम हाडा, सार्थक धिताल र अथर्व पौडेलले दुई/दुई विकेट लिए । प्रतिउत्तरमा बागमती प्रदेशले २४ दशमलव चार ओभरमा सबै विकेट क्षतिमा एक सय ३६ रन मात्रै बनाउन सकेको थियो । उसका लागि सार्थक धितालले ३३ रन, सुर्यांश कोइराला र रोशन विकले २३/२३ रन बनाएका थिए । कोशीका लागि रबिन मण्डलले तीन विकेट, सौजन घिमिरे र प्रतीक पोखरेलले दुई/दुई विकेट लिए । फाइनल खेलको 'प्लेयर अफ द म्याच' घोषित कोशी प्रदेशका एलिस मण्डलले रु दुई हजार प्राप्त गरे । उत्कृष्ट प्रदर्शन गरेका बागमती प्रदेशका रोशन विक प्रतियोगिताको सर्वोकृष्ट खेलाडी घोषित भए । उनी प्रतियोगिताको उत्कृष्ट ब्याट्सम्यानसमेत भए ।

## बोकाअ.....

पारेजस्तो लितिपिति पारेका कुरा बजारभरि हल्लै छ । चुइँ बोलिसक्नु छैन क्यारे ! बोल्नु पनि कसरी...मुखाँ झण्डै हाइब्रिड गरिएको कुभिण्डो जो खाँदिएको छ । यी लुइँतामे प्रणयकुमार निकृष्ट बोकासाहित्यकार गुरुजीले लितिपिति खेलाए पनि, पत्रु सम्झे पनि यिनी साहित्यिक बजारमा भएका जति सबै गमर्क्याउँने दाउमा छन् । यिनी आफ्नो प्राण जावोस् तर कुनै हालतमा मुखमा गतिलो पाराले खाँदिएको कुभिण्डो नझरोस् वा अरुले नखोसोस् भन्ने ईश्वरसित रात-दिन विन्ति बिसाउँछन् भन्ने कुरो यिनका पारिवारिक सुत्रबाट थाहा पाइएको छ ।

(घ) झ्याम्पुतली रणचण्डिके - यी हुन् हाम्रा होनहार बोकासाहित्यकार झ्याम्पुतली रणचण्डिके । गत केही वर्षदेखि यिनको मुखाँ त्यस्तो गतिलो होइन ठिक-ठिकैको कुभिण्डो खाँदिएको छ । मुखाँभित्र सजिलैसितले खाँदन सकिने अनि सजिलैसित निकाल्न सकिने । यिनले यिनको मुखाँ खाँदिएको कुभिण्डो हत्त पत्त कसैलाई देखाउँदैन । साहित्यिक बजारको भीड़मा यिनको मुखमा कुभिण्डो देख्नुहुन्न । सिजन अनुसार नै यिनी मुखाँ कुभिण्डो खाँदछिन् । कथङ्कल यिनले अण्डा पार्ने हुँदा हुन् ता काग होइन चिल वा गिद्धको गुँड़मै गई अण्डा पारिवरी निष्फिक्री आफ्नै गुँड़मा आउँछिन् । यिनलाई सबैले दूध-भात भन्ने गर्दछन् । रामसित पनि ठिक हनुमानसित पनि ठिक । पर्दापछि बसेर आफ्नै समकालीन बाहेक पनि मैं हुँ मैं हुँ भन्ने साहित्यकारलाई थाहै नपाई थलो पार्नमा निपुण यी झ्याम्पुतलीको मुखाँ कुभिण्डो खाँदिनु थालेको भर्खरदेखि हो भन्ने थाहा लागेको छ । आफूलाई जहिले पनि म ता न्यूट्रल हुँ भनी फाइँफुट्टी लाइ हिँड़ने उनको मुखाँ कुभिण्डो खाँदिन थाल्यो कि कसैले सुइँको पनि नपाई थर्ड गियर हान्ने यी बाला मुखाँ कुभिण्डोकै भरमा साहित्यमा राँटो लाइरहेकी देखिन्छिन् ।

(ङ) निशापति कुमार छिनामछोड - साहित्यमा रङरुट नै भए पनि निशापति कुमार छिनामछोडको मुखाँ कुभिण्डो खाँदिन थालेदेखि उसो यिनी परस्पर प्रशंसा सम्मेलनका अब्बल बोकासाहित्यकारको पगरी गुँथ्न सफल भएको देखिँदोछ । आरम्भमा कुभिण्डो मुखाँ खाँदिन्छ भन्ने अनुमान हुँदा कुभिण्डोदेखि टाढ़िए पनि कुभिण्डोको टेसिलो रस पाउँदै गएपछि अहिले यिनी साहित्य सिर्जनाभन्दा पनि कुभिण्डो मुखाँ खाँदिदिने कुभिण्डोवालको अन्धोभक्त भएको देखिन्छ । कुभिण्डोवाललाई यी निशापति कुमार छिनामछोड देवतै ठानी उनको फोटोको ताबीज बनाई लाउन थालेका छन् भन्ने सुनिन्छ । निशापति कुमार छिनामछोडका निमित्त यी कुभिण्डोवाल ज्यान दिन पनि प्रस्तुत देखिन्छ । कुभिण्डोले मात्तिनु मात्र होइन पात्तिएर अन्य साहित्यकारलाई यी बोकासाहित्यकारले नली खुट्टाको रौं जत्ति पनि ठान्न छोड़िसिकेका छन् । कुभिण्डो लीला अपरम्पार छ । एकपल्ट कुभिण्डो मुखाँ खाँदिएपछि बोकासाहित्यकारको खुसामदी रगत छ्वाल्ल-छ्वाल्ल गरेर सञ्चालन हुन थाल्छ ।

(च) भाष्कर श्रेष्ठ - समकालीन साथीहरूका मुखाँ कुभिण्डोवालले कुभिण्डो खाँदेका देखेर यी भाष्कर श्रेष्ठले आफूलाई बोकासाहित्यकारको पङक्तिमा दर्ता गर्न कुभिण्डो आफै मुखाँ जबरजस्ती खाँदेका हुन् । कुभिण्डो आफैले आफ्नै मुखाँ खाँदेर बोकासाहित्यकारको पगरी गुँथ्ने यी भाष्कर श्रेष्ठ आफूलाई श्रेष्ठ बोकासाहित्यकार ठान्न थालेका छन् । अहिलेसम्म एउटै कृति प्रकाशित गर्न नसके पनि घरमा चार दर्जनभन्दा धेर पाण्डुलिपि तयार भइसकेको र अहिले छाप्ने समय आएको छैन भनी हाँक लाउने यी भाष्कर श्रेष्ठलाई भाष्कर श्रेष्ठ होइन निकृष्ट बोकासाहित्यकार भन्नुमा नै टेस आउँछ ।

अहिले साहित्यको बजारभरि कुभिण्डै कुभिण्डोको भरमार छ । सबै आफ्नो मुखाँ कुभिण्डो खाँदन लाएर बोकासाहित्यकारको तकम भिर्न आतुरिएका देखिन्छन् । बोका साहित्यकार भएपछि जसो-जसो बाहुन, उसो-उसो स्वाहा गर्नुपर्छ, कुभिण्डोवालले मादल जसरी बजाउँछन् त्यस्तै पाराले नाच्नु पनि पर्छ । मुखमा खाँदिएको कुभिण्डोको ठ्याम्मै अपमान गर्नु हुँदैन नत्र विशाल साहित्यको बजारबाट उठीवास लाउन बेर लाग्ने छैन ।

तर....कुभिण्डो मुखाँ कुभिण्डो खाँदन लाई माग्नु चाहिँ आफ्नो वाक-स्वतन्त्रताको घाँटी अँठ्याउनु हो । आफ्नो स्वाभिमानको बलात्कार गर्नु समान हो । आफ्नो मुखाँ कुभिण्डो खाँदने वा खाँदि माग्ने बोकासाहित्यकारहरू पानीमरुवा साहित्यकार हुन् भन्ने मेरो दाबी छ । कुभिण्डो मुखाँ खाँदिमाग्ने बोका साहित्यकार हुनु भनेको आफ्नो अर्धाङ्गिनीलाई एक रातको लागि कुभिण्डोवाललाई पैंचो दिएकै बराबरी हो । यसकारण मुखाँ कुभिण्डो नपर्ने भद्र, शिष्ट, साहित्यकारहरू कुभिण्डो र कुभिण्डोवालदेखि टाढ़ै बसेको राम्रो । बरु अन्य साहित्यकारको मुखाँ कुभिण्डो खाँदेर सम्पूर्ण साहित्यकारलाई बोकासाहित्यकारमा परिणत गरी साहित्यको बजारमा धलीमली गर्ने कुभिण्डोवाललाई उल्टै बरु उनको मुखाँ कुभिण्डो खाँदने समय आएको छ ।

तर ढाँढ़े बिरालाको घिच्रामा चाइने घण्टी बाँधेर तिनका मुखाँ कुभिण्डो अँटी नअँटी खाँदने कसले ?

## मानसिक......

बताउनुभयो । उहाँले केन्द्र सन् २००३ देखि मानसिक स्वास्थ्य तथा मनोसामाजिकमा काम गर्दै आइरहेको उल्लेख गर्दै हालसम्म ५१ जिल्लाका दुई सय छ स्थानीय तहमा काम गरिरहेको जानकारी दिनुभयो ।

## सीमा......

जानकारी दिएको छ । यस्तै, अस्पताल, सीमा विभाग र अनुगमन तथा गुनासो व्यवस्थापन एकाइमा हटलाइन सेवाहरू थप गरी कार्यान्वयनमा ल्याइएको छ ।

सशस्त्र प्रहरी बल नेपालले भए गरेका कार्यप्रगतिबारे जानकारी दिँदै सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्र खड्काले प्रधान कार्यालयमा अनुगमन तथा गुनासो व्यवस्थापन एकाइ स्थापना गरिएको र विभिन्न माध्यमबाट प्राप्त पाँच सय २० गुनासोमध्ये पाँच सय १८ फर्छ्योट भइसकेको र दुईवटा छानबिनका क्रममा रहेको जानकारी दिनुभयो ।

सशस्त्र प्रहरी कर्मचारी हरूको आधारभूत आवश्यकतामा विशेष जोड दिइएको र सोही क्रममा विभिन्न ६५ युनिटमा जवान मेसहरूको स्तरोन्नति गरिएको उहाँले बताउनुभयो । एक जवान एक बेडिङ अवधारणा लागू गर्ने अवधारणाअनुसार करिब ८५ प्रतिशत कर्मचारीका लागि बेडिङ तयार भइसकेको र ७० युनिटमा शिशु स्याहार केन्द्र स्थापना गरिएको पनि जानकारी गराइएको छ ।

आव ०७९/०८० को वैशाख १६ गतेसम्ममा सशस्त्र प्रहरी बल, नेपालका विभिन्न युनिटले अवैधरूपमा चोरी निकासी तथा पैठारी गरिरहेको अवस्थामा रु ९६ करोड ९५ लाख सात हजार सात सय ९३ बराबरको माल, वस्तु नियन्त्रणमा लिई सम्बन्धित कार्यालयमा बुझाएको छ । यसअघि आव ०७८/०७९ को यो समयमा रु ७९ करोड ८५ लाख ९९ हजार ६३ मात्रै बुझाइएको थियो । चालु आवको अहिलेसम्म १९ वटा विभिन्न प्रकारका पेस्तोल, १६ वटा भरुवा तथा एअर बन्दुकलगायत थुप्रै विस्फोटक पदार्थ बरामद गरी सम्बन्धित निकायमा बुझाइएको छ ।

यस्तै, चार हजार दुई सय ८३ केजी गाँजा, ३५ केजी चरेस तथा ४० हजार चार सय ९५ ट्याबलेट लगायतका विभिन्न किसिमका लागूपदार्थ बरामद गरी सम्बन्धित निकायलाई बुझाइएको सशस्त्र प्रहरी बल नेपालले जनाएको छ ।

## कोशी......

सम्पदा र भूगोलको आधारमा नामाकरण हुँदा हुने हाम्रोमा किन नहुने ?" मन्त्री कार्की कार्यक्रममा सहभागी हुने खबर आन्दोलनरत पहिचानवादीले उहाँविरुद्ध नाराबाजी गरेका थिए । आन्दोलनरत पक्षधरले कार्कीको विरोध गर्दै पूर्वपश्चिम राजमार्गको मङ्गलबारेमा केही बेर सडकमा टायर बालेर प्रदर्शन गरेका थिए । उनीहरूले सडकमा प्रदर्शन गर्न थालेपछि मुख्यमन्त्री कार्की अर्को बाटो भएर विराटनगर फर्किनुभएको थियो ।

## नुवाकोट....

थियो । पुनःनिर्माणको पर्खाइमा रहेको दरबारभित्र पृथ्वीनारायण शाहले प्रयोग गरेका लुगाफाटा, पलङ, ओछ्यान, युद्धका सामग्री, पृथ्वीनारायण शाह र रानीका प्रतिमालगायतका ऐतिहासिक संरचनाहरू राखिएको छ । खट र टेको लगाएर राखिएको दरबारभित्रै ती सामग्री सुरक्षित राखिएको हो । एकीकरणको समयमा पृथ्वीनारायण शाहले नेपालको राजधानी नुवाकोट बनाएर यही दरबारबाट शासन सञ्चालन गरिएको भन्नेसमेत पाइन्छ ।

## किर्ते......

यो मुद्दा प्रशासनको न्यायिक कठघरामा पुगेको छ । गिरी र दाहालका परिवारले पीडितलाई आधा रकम फिर्ता गरिदिने भन्दै वैशाख १० गते गाउँमै छलफल चलाएर घटनालाई सामसुम पार्न खोजेका थिए । छलफलमा सहमति भएअनुसारको म्यादभित्र रकम फिर्ता भएन । पीडित अहिले न्याय खोज्दै जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, जिल्ला प्रहरी कार्यालय झापा र इलाका प्रहरी कार्यालय धाइरहेका छन् ।

सोही ठाउँकी अर्की पीडित मीना खनालले रु ६५ हजार दिएपछि आरोपीहरूले छ धुरको धनीपुर्जा बनाएर ल्याइदिएको बताउनुभयो । रकम असुली र धनीपुर्जा लेनदेनमा वृद्ध व्यक्ति प्रत्यक्षरूपमा जोडिएता पनि कुनै ठूलो गिरोह यस धन्धामा संलग्न हुनसक्ने पीडितले आशङ्का गरेका छन् । नेकपा (एमाले) मेचीनगरले एक प्रेस विज्ञप्ति प्रकाशित गरी कीर्ते धनीपुर्जा बनाएर सुकुम्वासीसँग रकम असुलिएको घटनाको गहिरो छानबिन हुनुपर्ने माग गरेको छ ।

जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी रिजालले ठगिएको भन्दै उजुरी दिन आउने पीडित बढिरहेको बताउनुभयो । पक्राउ परेका आरोपीविरुद्ध कीर्ते जालसाझी मुद्दा अन्तर्गत कानूनी कारबाही हुने उहाँले बताउनुभयो ।

# सेनाद्वारा विमानस्थलमा विपद् व्यवस्थापनको पूर्वाभ्यास

काठमाडौं । नेपाली सेनाले विमानस्थल अवतरण र उडानका बखत आउन सक्ने आकस्मिक चुनौतीको अवस्थामा तत्काल जनशक्ति परिचालन भई कसरी समन्वयमा कार्य सम्पादन गर्ने भनी पूर्वाभ्यास गरेको छ । विमानस्थलबाट उडेका तथा बाहिरबाट आएका विमान आकस्मिक अवतरण गर्न परेको खण्डमा सेनाका विभिन्न एकाइ र जनशक्तिबीचको समन्वयमा गरिनुपर्ने कार्य र अपनाउनपर्ने सावधानीलाई केन्द्रित गरी पूर्वाभ्यास गरिएको हो ।पूर्वाभ्यासका क्रममा सुरक्षा दस्ता, दमकलसहितको उद्धार तथा व्यवस्थापन, इन्जिनियर्स र स्वास्थ्य टोलीबीचको समन्वयनमा गरिने कार्यको करिब डेढ घण्टाको उद्धारसम्बन्धी पूर्वाभ्यास गरिएको सेनाका प्रवक्ता कृष्णप्रसाद भण्डारीले जानकारी दिनुभयो । उक्त अभ्यासका क्रममा विमान उडान र अवतरणमा कुनै प्रभाव नपरे पनि त्यस क्षेत्रको सडक यातायातको व्यवस्थापनमा भने केही प्रभाव परेको देखिन्थ्यो ।छाउनी अस्पतालबाट स्वास्थ्य टोली, महाराजगञ्जमा तैनाथ विशेष बाहिनी, सुन्दरीजलबाट दमकलसहितको व्यवस्थापन टोली इमर्जेन्सी साइरन बजाएर त्यहाँ पुगेकाले पनि साँझको सडक यातायात व्यवस्थापनमा भने केही चाप परेको थियो । सेनाले हवाई जहाज अवतरण र उडानसँग सम्बन्धित आपत्कालीन अवस्थामा गरिने विपद् व्यवस्थापनको सफल अभ्यास गरेको प्रवक्ता भण्डारीले बताउनुभयो ।उहाँले भन्नुभयो, "विमानस्थलमा आकस्मिक अवतरणमा आइपर्ने सक्ने चुनौतीलाई सहज व्यवस्थापन गर्ने कार्यमा सेनाका युनिट र जनशक्तिको मात्र सहभागिता रहेको अभ्यासबाट अप्ठेरो पर्दा गरिने कामको क्षमतासमेत परीक्षण हुन्छ ।" अभ्यासको नेतृत्व सहायकरथीस्तरबाट भएको थियो ।सेनाले यसअघि पनि अरू सरोकार निकायसँगको सहकार्यमा यस्ता अभ्यास गर्दै आएको छ ।

# बेलौरीका स्थानीय बाघको त्रासमा

बेदकोट । कञ्चनपुरको दक्षिणी क्षेत्रमा पर्ने बेलौरी नगरपालिकाका स्थानीयवासी बाघको त्रास छन् । बेलौरी नगरपालिका ८ पचुइमा बाघको आक्रमणबाट एक जनाको ज्यान गएपछि त्यस क्षेत्रका स्थानीयमा त्रास बढेको हो । वैशाख ८ मा घाँस काट्न गएकी बेलौरी नगरपालिका ८ की गङ्गा चन्दको बाघको आत्रमणबाट ज्यान गएको थियो । घटनापछि स्थानीय त्रसित भएको बेलौरी नगरपालिका ८ का स्थानीय महेन्द्र विष्टले बताउनुभयो । "त्यसपछि बाघ देखिएको छैन, बाघ हिँडेको नयाँ पाइलाहरु देखिएकाले अझै बाघ रहेको आशङ्का छ", उहाँले भन्नुभयो, "घटनापछि स्थानीयमा डर छ, सामान्य अवस्थामा फर्किन सकेका छैनौँ ।" उहाँका अनुसार बाघको आक्रमणपछि त्रसित स्थानीयको दैनिकी नै प्रभावित भएको छ । "घाँसपात जान पनि महिला डराएका छन्, कति बेला के हुन्छ भनेर ढुक्कसँग खेतीपाती भित्र्याउन पनि सकेका छैनन्", स्थानीय विष्टले भन्नुभयो, "स्थानीयमा त्रास रहेकाले सामान्य अवस्थामा फर्किन अझै समय लाग्छ ।"पचुइमा महिलाको ज्यान लिने नरभक्षी बाघलाई अर्को दिन बर्दिया राष्ट्रिय निकुञ्ज र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको प्राविधिक टोलीले नियन्त्रणमा लिएको थियो । मानिसमाथि आक्रमण गर्ने बाघ अहिले चिडियाखाना थुनिएको छ । यसअघि चैत १० भारतको दुधुवा नेशनल पार्कमा मेलापात गएकी पुनर्वास नगरपालिका १० मदनटोलकी ३२ वर्षीया कलसा सार्कीको बाघको आक्रमणबाट मृत्यु भएको थियो । एक हप्तापछि चैत १७ गते बेलौरीसँग सीमा जोडिएको भारतीय गाउँमा पनि बाघको आक्रमणबाट भारतीय महिलाको मृत्यु भएको थियो । पुनःवास र बेलौरी आसपासका क्षेत्रमा बाघको आक्रमणका मानिसको ज्यान गएपछि त्यस क्षेत्रका स्थानीय त्रास बढेको हो । बाघले महिलाको ज्यान लिएको खप्टी नालासहित नेपाल, भारत सीमा क्षेत्रमा सशस्त्र प्रहरी र जनपद प्रहरीले साइरन बजाएर गाडीमा गस्ती गरिर हेका छन् । तर अझै स्थानीयमा बाघको त्रास कम हुन नसकेको बेलौरी नगर पालिका ८ का अध्यक्ष बिश्राम रानाले बताउनुभयो । "गहुँ थ्रेसिङ गरेपछिको भुसासमेत त्यस क्षेत्रका स्थानीयले डरले ल्याउन सकेका छैनन्", उहाँले भन्नुभयो, "राति पर्ने वित्तिकै स्थानीय घर बाहिर निस्कन डराइरहेका छन् ।" त्यस क्षेत्रमा पर्ने हुलाकी राजमार्ग भएर दिनमा मानिसको ओहोरदोहोर भए पनि बाघको त्रासले रातिमा मानिसको आवातजावत निकै कम भएको उहाँले बताउनुभयो । मानिसमा आक्रमण गर्ने बाघको जोडी सो क्षेत्रमा हुनसक्ने भन्दै स्थानीय त्रसित छन् । बाघले महिलामाथि आक्रमण गरेको खप्टी नाला क्षेत्रमा ठूलो घना जङ्गल छैन । त्यहाँको करिब दुई किलोमिटर क्षेत्रको घना झाडी सफा गर्ने तयारी गरिएको छ ।

# अन्तराष्ट्रिय समाचार

## विश्व बैंकद्वारा चीनको लागि साढे ३४ करोड डलर ऋण स्वीकृत

विश्व बैंकले चीनमा कृषि क्षेत्रको विकासको लागि साढे ३४ करोड अमेरिकी डलर ऋण स्वीकृत गरेको छ । मध्य चीनको हुवेई र हुनान प्रान्तमा हरित कृषि र ग्रामीण क्षेत्रको विकास गर्न ३४ करोड ५० लाख अमेरिकी डलर ऋण स्वीकृत गरेको विश्व बैंकको बेइजिङ कार्यालयलाई उद्धृत गर्दै समाचार संस्था सिन्ह्वाले जनाएको छ ।

यो ऋण बाली तथा पशुपालनबाट हरितगृह ग्यास उत्सर्जन घटाउन, उर्बराशक्ति बढाउन, जैविक विविधता संरक्षण र कृषि चक्रको पुनर्स्थापनामा सुधार गर्न प्रयोग गरिने खबरमा उल्लेख छ । यस्तै, ऋण रकम किसान तथा सहकारीका सदस्यहरूलाई तालिम र कृषि विस्तार सेवाहरू उपलब्ध गराउने, किसान र खाद्य प्रशोधनकर्ताहरूलाई जलवायुमैत्री कृषि प्रविधिहरू र असल कृषि अभ्यासहरू अवलम्बन गर्न प्रोत्साहित गर्ने जस्ता धेरै क्षेत्रमा काम गरिनेछ । ऋण सहयोगले देशभर लागू गर्न सकिने पाठहरू सिर्जना गर्ने अपेक्षा रहेको चिनियाँ सरकारी अधिकारीले बताएका छन् ।

## अमेरिकाको टेक्सासमा गोली हानी पाँच जनाको हत्या

अमेरिकाको टेक्सासमा एक बन्दुकधारीले जथाभाबी गोली चलाउँदा आठ वर्षीय बालकसहित पाँच जनाको ज्यान गएको छ । दुई जना महिलाको शवमुनिबाट दुई जना बालबालिकालाई भने सकुशल निकालिएको बीबीसीले जनाएको छ ।

मारिने सबै होन्डुरसका नागरिक रहेका छन् । स्थानीय प्रहरी अधिकारीले संदिग्ध व्यक्ति मेक्सिकोका नागरिक भएको र उनीसँग अर्ध(स्वचालित राइफल रहेको बताएका छन् । प्रहरीले गोली हान्ने व्यक्ति अझै फरार रहेको बताएको छ । केही दिनअघि टेक्सासमै एक भोजका क्रममा गोली चल्दा पनि नौ जनाको ज्यान गएको थियो ।

## ब्राजिलमा तीन महिनामै पाँच लाख २६ हजार रोजगारी सिर्जना

ब्राजिलले तीन महिनामा ५ लाख भन्दा धेरै रोजगारी सिर्जना गरेको छ । गएको जनवरीदेखि मार्चसम्म ब्राजिलले ५ लाख २६ हजार १ सय औपचारिक रोजगारी सिर्जना गरेको त्यहाँको श्रम तथा रोजगार मन्त्रालयलाई उधृत गर्दै चिनियाँ समाचार संस्था सिन्ह्वाले जनाएको छ ।

मार्च महिनामा मात्रै १ लाख ९५ हजार भन्दा धेरै व्यक्तिले रोजगारी पाएका खबरमा उल्लेख छ । यो सरकारले गरेको अनुमान भन्दा दोब्बरले धेरै हो । भौतिक पूर्वाधारको निर्माण र यातायातको क्षेत्रमा सबैभन्दा धेरै रोजगारी सृजना गर्न सफल भएको श्रम तथा रोजगार मन्त्री लुइज मारिन्होले बताउनुभएको छ । ब्राजिलमा अर्थतन्त्रका मूख्य पाँच वटा क्षेत्रमध्ये उद्योग, निर्माण, वाणिज्य र सेवा क्षेत्रमा रोजगारी बढेको छ भने कृषि क्षेत्रमा रोजगारी घटेको छ । अहिले ब्राजिलमा ४ करोड ४२ लाख नागरिक औपचारिक रोजगारीमा रहेका छन् ।

## बुर्किना फासोमा सैन्य शिविरमा विद्रोही समूहको आक्रमण

दक्षिण अफ्रिकी देश बुर्किना फासोमा रहेको एउटा सैन्य शिविरमा विद्रोही समूहले आक्रमण गरेको छ । घटनामा ३३ जना सैनिकको ज्यान गएको छ । कम्तीमा १२ जना घाइते भएका छन् ।

सेनाले बिहीवार ४० जना विद्रोहीको हत्या गरेलगत्तै विद्रोही समूहले सैन्य शिविरमा आक्रमण गरेको हो । बुर्किना फासोमा सन् २०१५ देखि विद्रोही समूहका गतिविधि तीव्र भएको थियो । अहिलेसम्म दुवैतर्फ गरी १० हजारभन्दा धेरैको ज्यान गइसकेको छ । देशको एक तिहाई भूभाग सरकारको नियन्त्रणभन्दा बाहिर रहेको अल जजिराले जनाएको छ ।

## सुडानमा युद्धविराम अवधि लम्बियो तर संघर्ष रोकिएन

सुडानमा युद्धविरामको अवधि लम्बिएको भए पनि सङ्घर्ष रोकिएको छैन । सुडानी सशस्त्र बल (एसएएफ) र विपक्षी र्‍यापिड सपोर्ट फोर्सेस (एसआरएफ) अर्को ७२ घण्टा युद्धविराम गर्न सहमति भए पनि राजधानी खार्तुम र डार्फरमा हवाई हमलाका साथै लुटपाट भइरहेको छ । साउदी अरेबिया र अमेरिकाको दबाबमा द्वन्द्वरत दुवै पक्षले युद्धविराम गर्न सहमति जनाए पनि युद्ध भड्केकोमा अन्तर्राष्ट्रिय समुदायले चिन्ता व्यक्त गरेको छन् । उनीहरूले युद्ध बन्द गर्ने सहमति पूर्णरूपमा कार्यान्वयन हुनुपर्नेमा जोड दिएका छन् । अफ्रिकी सङ्घ, संयुक्त राष्ट्र सङ्घ, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स (यूएई), बेलायत र अमेरिकाले एक संयुक्त वक्तव्य निकालेर युद्धविराम गर्न सहमति जनाएकोमा त्यसको स्वागत गरेका छन् । उनीहरूले शत्रुतापूर्ण गतिविधि सदाका निम्ति अन्त्य गर्न वार्ता र मानवीय सहायता सुनिश्चित गर्नेतर्फ द्वन्द्वरत पक्ष प्रतिबद्ध हुनुपर्नेमा जोड दिएका छन् । पश्चिमी डार्फुरमा भड्किएको युद्धका कारण कुपोषणको शिकार भएका झन्डै ५० हजार बालबालिकालाई खाद्य सहायता उपलब्ध गराउन नसकिएको राष्ट्र सङ्घीय खाद्य कार्यक्रमले जनाएको छ । सहायता निकायहरूका अनुसार हिंसाका कारण घरभित्रै फसेका धेरै सुडानी खाना, पानी, इन्धन र बिजुलीको अभावमा छटपटाइरहेका छन् । केही भने ज्यान जोखिममा पारेर सुडानबाट पलायन भएका छन् । १४ दिनअघि युद्ध सुरु भएपछि सुडानबाट १४ हजार नागरिक सुरक्षाको खोजीमा देशबाट पलायन भएका इजिप्टका अधिकारीले बताएका छन् । ५० देशका दुई हजार विदेशीले पनि सुडान छाडेका छन् । २० हजार सुडानी चाड पुगेका छन् भने चार हजार दक्षिण सुडानमा शरणार्थी भएका छन्, तीन हजार पाँच सय जना इथियोपिया पुगेका तथा तीन हजार जनाको हाराहारीमा अन्यत्र पलायन भएका राष्ट्र सङ्घीय निकायले जनाएका छन् । युद्ध चलिरहेका थप दुई लाख ७० हजार सुडानी देशबाट विस्थापित हुने चेतावनी पनि राष्ट्र सङ्घीय निकायहरूले दिएका छन् ।

## रुसले गरेको हवाई आक्रमणमा युक्रेनमा ५ जनाको मृत्यु

रुसले गरेको हवाई आक्रमणमा परि युक्रेनको राजधानी कीएभलगायतका सहरमा कम्तीमा पाँच जनाको ज्यान गएको छ । डिनिप्रो सहरमा एक महिला र तीन वर्षका एक बालकको ज्यान गएको छ । त्यस्तै, उमानमा आवासीय भवनमा भएको आक्रमणमा तीन जनाले ज्यान गुमाएका छन् । उमानमा नौ तले अपार्टमेन्टमा क्षति पुगेको छ । क्रेमेन्चुक र पोल्टाभा सहरमा पनि विस्फोटका घटना भएका बीबीसीले जनाएको छ । कीएभका सैन्य प्रशासन प्रमुखले राजधानीमा पछिल्लो ५१ दिनमा पहिलो पटक रुसी मिसाइल आक्रमण भएको जानकारी दिएका छन् । त्यहाँ भएको हताहतीबारे थप जानकारी आउन सकेको छैन । रुसले अघिल्लो वर्ष फेब्रुअरीदेखि युक्रेनमा निरन्तर आक्रमण गर्दै आएको छ ।

# सबैभन्दा बढी बिक्री हुने कार इलेक्ट्रिक भेरिएन्टमा आउदै

ल्यान्डरोभर रेन्ज रोभरको इलेक्ट्रिक अवतार चाँडै देखिने भएको छ। कम्पनीले यसको इलेक्ट्रिक भेरिएन्टमा निरन्तर काम गरिरहेको छ। सो ल्यान्डरोभर हेलवुड प्लान्टमा निर्माण भइरहेको छ। कम्पनीले यो प्लान्टलाई पूर्ण रुपमा इलेक्ट्रिक उत्पादन गर्ने प्लान्टमा परिणत गर्दैछ। यसका लागि कम्पनीले १८.६ अर्ब डलर लगानी समेत गरेको छ।

कम्पनीको सबैभन्दा बढी बिक्री हुने एसयूभी रेन्ज रोभरको इलेक्ट्रिक भेरिएन्ट कारको प्रोटोटाइपको परीक्षण पनि सुरु भइसकेको छ। कम्पनीले यसलाई सन् २०२५ सम्ममा लन्च गर्ने अनुमान गरिएको छ।

नयाँ ल्यान्डरोभर ज्यागुअरको इलेक्ट्रिक प्लेटफर्ममा डिजाइन भइरहेको छ। यसको चार डोरको जीटी भेरिएन्ट २०२५ मा लन्च गरिने छ। साथै कम्पनीले आफ्नो नयाँ जेईए प्लेटफर्म पनि लन्च गर्नेछ।

नयाँ इलेक्ट्रिक ल्यान्डरोभरले सिंगल चार्जमा ७०० किमीको रेन्ज दिनेछ। यसको रेन्ज र आउटपुट बढाउनको लागि पनि कम्पनीले निरन्तर नयाँ टेक्नोलोजीको विकास गरिरहेको छ। नयाँ इलेक्ट्रिक ल्यान्डरोभर कार फुल चार्ज हुन करिब ५ देखि ६ घण्टा लाग्ने अनुमान गरिएको छ।




# नेपालमा सार्वजनिक भयो भारतमा बनेको नयाँ सिट्रोन सी ३, यस्तो छ मूल्य र फिचर

काठमाडौं। नेपालका लागि सिट्रोनको आधिकारिक वितरक सांग्रिला मोटर्सले बहुप्रतीक्षित नयाँ सिट्रोन सी३ सार्वजनिक गरेको छ। सा् कम्प्याक्ट एसयूभी ३४ लाख ४९ हजार रुपैयाँको सुरुवाती मूल्यका साथ सार्वजनिक गरिएको कम्पनीले घोषणा गरेको छ। भारतमा निर्मित सिट्रोन सी३ एक कम्प्याक्ट एसयूभी हो जसले नेपालका गर्नुपर्छ भन्ने मान्यता राख्ने स्टेलान्टिस आसियान क्षेत्रको लागि नयाँ सी३ भारतमा बनाएको छ। यस उत्पादन मार्फत हामी यो ठाउँ र परिवेश अनुरुपको उत्पादन मार्फत आसियानमा आफ्नो उपस्थिति बढाउन प्रतिबद्ध छौं" नादिया कमरुदिन, स्टेलान्टिसका लागि आसियानका ग्राहक अनुभव निर्देशक तथा जेनेरल डिस्ट्रिब्यूटरले भनिन्। इन्चको इन्फोटेनमेन्ट टचस्क्रिन जस्ता सुविधाहरू छन्। यसमा न्याचुरल्ली एस्पिरेटेड १.२ लिटर पेट्रोल इन्जिन छ जसले ८१ बीएचपी पावर र ११५ एनएम टर्क जेनेरेट गर्छ। सी३ मा ५( स्पीड म्यानुअल ट्रान्समिसन गियरबक्स पाइन्छ। ग्राहकहरूको सहजता र खरिद पश्चातको मानसिक शान्तिको लागि सिट्रोनले सी३ मा वारेन्टी कार्यक्रम पनि




युवा र फरक गाडीको चाहना राख्ने ग्राहकहरूको मन तान्न सक्छ। अत्यन्त आकर्षक डिजाइनमा बनाइएको सिट्रोन सी३, ख्याती प्राप्त वर्ल्ड अर्बन कार २०२३ अवार्ड पाउन सफल भएको थियो। विश्वका ३२ देशहरुका १०० भन्दा बढी अन्तर्राष्ट्रिय अटोमोटिभ पत्रकारहरुले मत राख्ने उक्त प्रतिस्पर्धामा जित्न सफल सिट्रोन सी३ ले नेपाली बजारमा पनि राम्रो गर्ने आशा गरिएको कम्पनीको भनाइ छ।"हामी नेपालका हाम्रा ग्राहकहरूलाई नयाँ सिट्रोन सी३ प्रस्तुत गर्न पाउँदा गर्व गर्छौं। हरेक क्षेत्रको प्रयोगका लागि सोही क्षेत्रमा उत्पादन

नयाँ सिट्रोन सी३ १.२ पी लाइभ र पी फिल भाइब प्याक गरी दुई भेरिएन्टमा उपलब्ध हुनेछ। यसको मूल्य क्रमशः ३४ लाख ४९ हजार र ३६ लाख ४९ हजार रुपैयाँ तोकिएको छ। नयाँ सी३ बिर्तामोड, इटहरी, नारायणघाट, बुटवल र काठमाडौं गरी नेपालका पाँच प्रमुख सहरहरूमा रहेका सिट्रोनका आधिकारिक शोरुमहरूमा टेस्ट ड्राइभ र बिक्रीको लागि उपलब्ध छ। नयाँ सी३ मा ट्रपिकलाइज्ड एयर कन्डिसनर, मनोरम बाहिरी दृश्य हेर्न मिल्ने आरामदायी भित्री भाग र वायरलेस एन्ड्रोइड अटो र एप्पल कनेक्टिभिटी भएको १०

राखेको बताएको छ। यो वारेन्टी कार्यक्रमले दुई वर्ष अथवा ४० हजार किलोमिटरको दुरीसम्म सवारी साधनको हेरचाह र स्पेयर पार्ट्सलाई समेट्छ। ग्राहकले काठमाडौंको सितापाइला स्थित सिट्रोनको सेवा केन्द्रबाट गुणस्तरीय सेवा र मर्मतसम्भारको फाइदा लिन सक्नेछन्। नयाँ सी३ को स्टाइलिश र आरामदायी अनुभव लिनका लागि नजिकैको सिट्रोन शोरूममा गएर टेस्ट ड्राइभको समय लिन सकिन्छ। टेस्ट ड्राइभ बुक गर्न वा कारको बारेमा थप जानकारी लिनका लागि www.citroennepal.com मा क्लिक गरी आवश्यक कार्य गर्न समेत सकिन्छ।

# येज्दी ब्रान्डका तीन मोडल नेपालमा उपलब्ध, यस्तो छ मूल्य र विशेषता

काठमाडौ - प्रसिद्ध ब्रान्ड येज्दी बाइकको नेपाली बजारमा बिक्री सुरु भएको छ। क्लासिक लिजेन्डका येज्दी मोटरसाइकल अग्नि ग्रुप अन्तर्गतको अग्नि मोटोइंकले आइतबारदेखि नेपाली बजारमा बिक्री सुरु गरेको जनाएको छ। कम्पनीले आफ्नो शोरुममा एक कार्यक्रमको आयोजना गरी उक्त बाइकको बिक्री सुरु भएको जानकारी दिएको छ। क्लासिक डिजाइनका मोटरसाइकलका सौखिनलाई लक्ष्य गर्दै नेपाली बजारमा उक्त ब्रान्ड थप गरिएको कम्पनीले जनाएको छ।

अग्नि ग्रुपका कार्यकारी निर्देशक अर्जुनप्रसाद शर्माले आफुहरु चारपाङ्गेमा मात्र अफरोडर किङ नभइ अब यसले बाइकमा पनि अफरोड किङ हुन सहज हुने बताए। उनले यो भारतमा पनि राम्रो रुचाइएको र नेपालमा पनि त्यसरी नै ग्राहकहरुले यसलाई रुचाउनेमा आफुहरु आस्वस्त रहेको बताए। भारतमा उत्पादित येज्दीका हालका लागि ३ वटा मोडल नेपाली बजारमा ल्याइएको छ।

जसमा एड्भेन्चर, रोडस्टर र स्क्रयाम्बलर गरी तीन मोडलको बिक्री सुरु भएको कम्पनीले जनाएको छ। कम्पनीका अनुसार रोडस्टार मोटरसाइकलको मूल्य ९ लाख १६ हजार रुपैयाँदेखि ९ लाख २५ हजार रुपैयाँसम्म छ। त्यस्तै, स्क्रयाम्बलरको मूल्य ९ लाख ४८ हजारदेखि ९ लाख ५६ हजार रुपैयाँसम्म छ। त्यसैगरी, एड्भेन्चरको मूल्य ९ लाख ९६ हजारदेखि ९ लाख ९८ हजार रुपैयाँसम्म रहेको कम्पनीले जनाएको छ। येज्दी रोडस्टारमा ३३४ सीसी इन्जिन प्रयोग गरेको छ। सो इन्जिन जावा बाइकमा समेत प्रयोग गरिन्छ।

रोडस्टरमा रहेको सिंगल सिलिन्डर लिक्विड कुल्ड युनिटले २९.७ पीएस आउटपुट र २९ एनएम टर्क जेनेरेट गर्छ। येज्दी स्क्र्याम्बलरमा ३३४ सीसी सिंगल सिलिन्डर ४ स्ट्रोक लिक्विड कूल्ड डीओएचसी युनिट प्रयोग गरिएको छ। येज्दी एड्भेन्चर बाइकमा एलईडी हेडलाइट युनिट, एलसीडी डिजिटल डिस्प्ले दिइएको छ। यस बाइकमा ३३४ सीसी सिंगल सिलिन्डर ४-स्ट्रोक लिक्विड कुल्ड डीओएचसी इन्जिन जडान गरिएको छ, जसले ३०.२ पीएस पावर र २९.९ एनएम टर्क जेनेरेट गर्छ।




# यसरी लिन सकिन्छ दैनिक १६७ रुपैयाँमा होन्डा साइन

नेपाली बजारमा पहिले देखि नै लोकप्रिय रहेको होन्डा साइन अहिले पनि उत्तिकै लोकप्रिय छ। हाल नेपाली बजारमा साइनका विभिन्न चार मोडल उपलब्ध छन्। यी मध्ये सबैभन्दा कम मूल्य पर्ने सीबी साइन डीआरएस हो। यसको मूल्य २ लाख ५३ हजार ९ सय रुपैयाँ छ। होन्डाको नेपालका लागि आधिकारिक वितरक स्याकार ट्रेडिङ कम्पनीले यो मोटरसाइकल किन्ने ग्राहकका लागि हाल तीन विकल्प प्रदान गरिरहेको छ। यस अनुसार शुरुमा ६० हजार रुपैयाँ डाउन पेमेन्ट गरेर बाँकी रकमलाई किस्ताबन्दीमा तिर्न सकिन्छ। त्यसैगरी १ प्रतिशत ब्याजदरमा ऋण पाउने गरी अर्को अफर उपलब्ध छ भने दैनिक १६७ रुपैयाँ ईएमआई तिर्ने गरी अर्को विकल्प उपलब्ध छ। दैनिक १६७ रुपैयाँ ईएमआई तिर्ने स्किममा मोटरसाइकल लिन चाहनेले शुरुमा मोटरसाइकलको मूल्यको ६० प्रतिशत अर्थात १ लाख ५२ हजार ३४० रुपैयाँ बुझाउनु पर्छ। अनि बाँकी रकम १ लाख १ हजार ५६० रुपैयाँ फाइनान्स गर्नुपर्छ।

बालबालिकालाई स्तनपान किन गराउने ?
० आमाको दुधले बालबालिकाको जीवन रक्षा गर्छ।
० आमाको बिगौति दुधले बालबालिकालाई खोपसरहको काम गर्छ।
० आमाको दुधमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज हुन्छ।
० स्तनपानले आमालाई स्तन र पाठेघरको क्यान्सर हुनबाट बचाउँछ।
० स्तनपानले शिशुको शारिरीक, मानसिक, बौद्धिक तथा सामाजिक विकासमा मद्दत गर्छ।
त्यसैले बालबालिकालाई पर्याप्तमात्रामा स्तनपान गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधानसम्पादक : मोहन कार्की(९८५१०८७१५६), सम्पादक : ईन्दिरा घमला, कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१–४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस